
# वर्गदृष्टि

Bargadrishti Weekly साप्ताहिक

वर्ष १ अङ्क १७ | २०७३ कार्तिक ८ गते सोमबार | Monday, Oct. 24, 2016 | पृष्ठ ८ | मूल्य रु. १०।-


## नेवा: मोर्चाको नेवा संयोजकमा गोर्की श्रेष्ठ



**काठमाडौं ।** नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको नेवा राज्यस्तरीय एक भेलाले गोर्की श्रेष्ठको संयोजकत्वमा ३१ सदस्सीय नेवा राज्य कमिटी गठन गरेको छ । भेलाले राजेन्द्र रञ्जित र श्रीकृष्ण सुलुलाई सहसंयोजकमा चयन गरेको छ ।

**न्हूदयाँ भिन्तुना मनाइने**

साथै मोर्चाका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठ र महासचिव सुरेश श्रेष्ठको उपस्थितिमा भएको सो भेलाले न्हूदँया भिंतुना ११३७ को अवसरमा केन्द्रबाट प्रकाशित शुभकामना पर्चा वितरण गर्ने, विकेन्द्रित रुपमा चियापानको आयोजना गर्ने, शुभकामना व्यानर झुण्ड्याउने, विभिन्न ठाउँमा निकाल्ने शुभकामना र्‍यालीमा पर्चासहित सहभागिता हुने निर्णय गरिएको छ । भेलाले उपत्यकाका जिल्लाहरुमा तिहार अगावै गठन पुनर्गठन गर्ने निर्णय गरेको छ ।

### राष्ट्रघाती २५ बुँदे संयुक्त वक्तव्यविरुद्ध

# आठ वाम घटक सडक संघर्षमा

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड' र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच ३१ भदौ, २०७३ मा भएको २५ बुंदे सहमति तथा जारी वक्तव्य गम्भीर राष्ट्रघाती रहेको भन्दै आठ वाम घटकले संयुक्त आन्दोलनको घोषणा गरेका छन् । बुंदे सहमतिले नेपालको राष्ट्रिय सार्वभौमिकतालाई खण्डित गर्ने, आफ्नो भू-राजनीतिक अवस्थिति अनुसार नेपालले अपनाउँदै आएको असंलग्न परराष्ट्र नीतिलाई विस्थापित गर्ने र नेपाललाई भारतको छातामुनि लैजाने कार्य गर्दै हाम्रो राष्ट्रिय स्वाधीनतामाथि गम्भीर खतरा उत्पन्न गरेको आन्दोलनमा उत्रनु परेको जनाएका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), नेकपा (माले), नेकपा (मार्क्सवादी), नेकपा (मार्क्सवादी), जनमोर्चा, नेपाल, राष्ट्रिय जनमोर्चा, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले संयुक्त रुपमा जारी गरेको अपीलमा भनिएको छ, "राष्ट्रियता र राष्ट्रिय सार्वभौमिकताको रक्षा यतिखेर अत्यन्त महत्वपूर्ण विषय बनेको छ । यसै विषयमा केन्द्रित रही राष्ट्रघातमा संलग्न विस्तारवादी तथा साम्राज्यवादीहरू र तिनका नेपाली दलाल एवम् तावेदारहरूका बिरुद्ध संयुक्त आन्दोलन अघि बढाउन, यस महान संघर्षमा आ-आफ्ना ठाउँबाट सहभागी हुन र सबै प्रकारले सहयोग पुऱ्याउनु हुन हामी सम्पूर्ण देशभक्त वामपन्थी, लोकतान्त्रिक एवम् राष्ट्रवादी शक्तिहरू तथा देशलाई मायाँ गर्ने सम्पूर्ण नेपाली जन-समुदायमा विनम्र अनुरोध गर्दछौं ।"

"२५ बुँदे राष्ट्रघाती संयुक्त विज्ञप्ति- खारेज गर !, असंलग्न परराष्ट्र नीति- कायम गर !, नेपाललाई भुटानीकरण- हुन दिन्नौं !, सिक्किमीकरणको योजना- असफल पारौं !, वैदेशिक ताबेदारी- मुर्दावाद !, विश्व साम्राज्यवाद र भारतीय विस्तारवाद- मुर्दावाद, भ्रष्टाचार र दण्डहीनता- अन्त्य गर, महंगी र कालोबजारी- नियन्त्रण गर, संयुक्त वाम आन्दोलन- जिन्दावाद !" भन्ने नाराका साथ आठ वाम घटकहरु कात्तिक ९ गते सडक आन्दोलनमा उत्रदै छन् । दिउसो साढे १ बजे काठमाडौंको सुन्धराबाट जुलुससहित निस्कने र्‍याली नगर परिक्रमा गरी ३ बजे शान्तिबाटिमा पुगेर सभामा परिणत हुने कार्यक्रम तय गरिएको छ । कार्यक्रमलाई सिपी गजुरेल, सिपी मैनाली, चित्रबहादुर केसी, साध्यबहादुर भण्डारीलगायतका नेताहरुले सम्बोधन गर्ने कार्यक्रम रहेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको कार्यालयले जनाएको छ । प्रम प्रचण्डले २५ बुँदे सहमतिमार्फत् गरेको ... बाँकी ८ पेजमा

## यस्तो छ राष्ट्रघाती २५ बुँदे संयुक्त वक्तव्य

***२०७३ भदौं ३१ मा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जारी गरेको २५ बुँदे संयुक्त वक्तव्यको पूर्ण पाठ***

१. नेपालका प्रधानमन्त्री सम्मानीय पुष्पकमल दाहाल ' प्रचण्ड' र श्रीमती सीता दाहाल भारतका सम्मानीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको निमन्त्रणामा २०१६ को सेप्टेम्बर १५ देखि १८ सम्म भारतको राजकीय भ्रमणमा हुनुहुन्छ । प्रमण्डलमा नेपालका परराष्ट्रमन्त्री डा. प्रकाशशरण महत, भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रमेश लेखक, व्यवस्थापिका संसदका सदस्यहरु र नेपालका अन्य बरिष्ठ अधिकारी समाबिष्ट छन् ।

२. भ्रमणका क्रममा २०१६ को सेप्टेम्बर १६ तारिखमा नेपालका प्रधानमन्त्रीलाई राष्ट्रपति भवनमा राजकीय स्वागत गरिएको थियो । उहाँले भारतका सम्माननीय राष्ट्रपति श्री प्रवण मुखर्जीसँग शिष्टाचार भेट गर्नु भयो र भारतका सम्माननीय प्रधानमन्त्रीसँग भेटवार्ता गर्नुभयो । विदेशमन्त्री श्रीमती सुष्मा स्वराज, वित्तमन्त्री श्री अरुण जेटली र उर्जा राज्यमन्त्री श्री पियुस गोयल (स्वतन्त्र जिम्मेदारी)ले पनि नेपालका सम्माननीय प्रधानमन्त्रीसँग भेट गर्नुभयो । भारतका सम्माननीय प्रधानमन्त्रीले भ्रमणमा रहेका विशिष्ट व्यक्तित्वहरु र प्रमण्डलमा उहाँहरुसँग रहेकाहरुको सम्मानमा राजकीय भोजको आयोजना गर्नुभएको थियो । प्रधानमन्त्री प्रचण्डले हिमाञ्चल प्रदेशस्थित नाथपा झाक्री जलविद्युत आयोजना र हरिद्वार नजिकै रहेको पतञ्जली योग पीठको खाद्य तथा जडीबुटी पार्कको पनि भ्रमण गर्नुहुनेछ । अस्सोचाम, सीआईआई र भारतीय उद्योग बाणिज्य संघ (फिक्की)ले संयुक्त रुपमा भ्रमणमा रहेका महानुभावहरुको सम्मानमा भारतीय व्यवसायीहरुसँगको अन्तर्क्रियाको आयोजना गरेका थिए ।

३. अत्यन्त सौहार्द्र र न्यानो वातावरणमा सम्पन्न द्विपक्षीय बैठकहरुले भारत र नेपालका ... बाँकी ७ पेजमा

## लोकमानलाई कारबाही गर्नुपर्छ : क्रान्तिकारी माओवादी

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले आज एक प्रेस विज्ञप्ती जारी गर्दै अख्तियार दुरुपायोग अनुसन्धान आयोगकका प्रमुख आयुक्तले पदको दुरुपयोग गरेको हुनाले उनलाई अनुशासनको कारबाही गरिनु पर्ने धारणा सार्वजनिक गरेको छ ।

क्रान्तिकारी माओवादीका प्रवक्ता हरिभक्त कँडेल' प्रतीक'ले जारी गरेको वक्तव्यमा भनिएको छ, "सरकार तथा सत्ता र सरकारी सेवामा रही आएका गैरजिम्मेवार र गलत तत्वहरुबाट भ्रष्टाचार, वेदखली तथा पदको दुरुपायोग हुँदै आएको कुरा जगजाहेर नै छ । यसै प्रक्रियामा अहिले अख्तियार दुरुपयोग आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीमाथि संसदमा महाभियोगको प्रस्ताव पेश गरिएको छ । ठीक यहींनिर अख्तियार दुरुपयोग आयोगका प्रमुख आयुक्तको नियुक्तिकै समयमा जनताको ठूलो हिस्साद्वारा गरिएको विरोधमाथि तात्कालिक ... बाँकी ८ पेजमा

## पार्टी र मोर्चाबाट कट्टेल र मिश्र निस्कासित

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सिपी गजुरेल र नेकपा (क्रान्तिकारी माओवादी) का प्रवक्ता हरिभक्त कँडेल'प्रतीक'ले छुट्टाछुट्टै विज्ञप्ती जारी गर्दै संगठनविरोधी क्रियाकलापमा संलग्न भएको र विरोधीहरुसँग आत्मसमर्पण गरेको हुनाले पार्टीको केन्द्रीय सदस्य र मोर्चाको सचिवालय सदस्य शिव कट्टेल र मोर्चाको केन्द्रीय सदस्य श्री मिश्रलाई केन्द्रीय आयोजक समितिका साथै संगठनको साधारण सदस्यबाट समेत निस्कासित गरिएको जारी विज्ञप्तीमा जनाइएको छ ।

यसैबीच, ६ कात्तिकमा नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला संगठन ... बाँकी ८ पेजमा

### श्रमिकविरोधी ऐनविरुद्ध

# संयुक्त ट्रेड युनियन संघर्ष समिति

◆ वर्गदृष्टि संवाददाता

"श्रमिकविरोधी पारित तथा प्रस्तावित ऐन, नियम र विधेयक खारेज गरौ ! संयुक्त ट्रेड यूनियन आन्दोलनलाई सशक्त रुपमा अगाडि बढाऔं !" भन्ने मूल नाराका साथ संयुक्त ट्रेड यूनियन संघर्ष सतितिले गत आश्विन १३ गते व्यवस्थापिका संसदद्धारा औद्योगीक व्यवसाय ऐन-२०७३ का विरुद्ध चरणबद्ध संघर्ष थाल्ने भएको छ ।

भदौं २९ मा नेकपा (क्रान्तिकारी माओवादी), विप्लव माओवादी, नेकपा (मशाल) र नेकपा (माले), नेकपा (मार्क्सवादी), नयाँ शक्तिलगायतका मजदुर संगठनका नेताहरुले संयुक्त ट्रेड युनियन संघर्ष समिति बनाएका थिए । संयुक्त ट्रेड युनियन संघर्ष समितिमा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको तर्फबाट संयोजक ईश्वर तिमिल्सिना, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ(विप्लव माओवादी)को तर्फबाट अमर झाँक्री, अखिल नेपाल ट्रेड युनियन महासंघ (अन्टुक)को तर्फबाट महासचिव चिन्तमणि शर्मा, नेपाल समाजवादी ट्रेड युनियन महासंघको तर्फबाट संयोजक लालध्वज नेम्वाङ, नेपाल ट्रेड युनियन फेडरेसनको तर्फबाट अध्यक्ष गंगाराम खड्गी, प्रगतिशिल नेपाल स्वतन्त्र ट्रेड युनियन महासंघ(पिकोन्ट)को तर्फबाट संयोजक रामचन्दा बलामी, ट्रेड युनियन फेडरेसन नेपालको तर्फबाट अध्यक्ष विद्यानन्द लेखी, नेपाल क्रान्तिकारी स्वतन्त्र ट्रेड युनियन महासंघको तर्फबाट अध्यक्ष राजन तिमिल्सिना, ... बाँकी ८ पेजमा

## लोकमानमाथिको महाअभियोग संसदमा प्रवेश

◆ वर्गदृष्टि संवाददाता

अख्तियार प्रमुख लोकमान सिंह कार्कीविरुद्ध दर्ता भएको महाअभियोगको प्रस्ताव व्यवस्थापिका-संसदमा औपचारिक रुपमा पेश भएको छ । गत बुधबार संसद सचिवायलमा दर्ता गरिएको महाअभियोगको प्रस्तावले आइतबार संसदमा प्रवेश पाएको हो ।

संसदको आइतवारको बैठकमा सभामुख ओनसरी घर्ती मगरले महाअभियोग प्रस्ताव दर्ता भएको जानकारी दिँदै त्यसमाथि ९ गते दिउँसो ३ बजेलाई छलफलको समय तोकेकी छन् । यसअघि बिहीबारकै बैठकमा महाअभियोगको प्रस्ताव संसदमा पेश हुने बताइएपनि संसद बैठक नै स्थगित गरिएको थियो । प्रस्तावमाथि सैद्धान्तिक छलफलपछि महाअभियोग सिफारिस समितिमा पठाइनेछ ।

समितिले अख्तियार प्रमुख कार्कीसँग बयान लिएर प्रष्टिकरणका लागि मौका दिनेछ । सो समितिले अध्ययन पश्चात महाअभियोग लगाउन उपयुक्त हुने रायसहित प्रतिवेदन दिएपछि संसदमा प्रस्तुत गरिन्छ । सो प्रस्ताव दुई तिहाई बहुमतले पारित भएको खण्डमा उनी स्वतः पदमुक्त हुनेछन् । व्यवस्थापिका संसदमा माओवादी केन्द्र र विपक्षी एमालेका १ सय ५७ सांसदले कार्कीविरुद्ध महाअभियोगको प्रस्ताव दर्ता गराएका थिए ।

प्रमबुख लोकमान सिंह कार्कीविरुद्ध महाअभियोगको प्रस्ताव दर्ता भएपनि अझै पारित हुने नहुने अन्योलता कायमै छ । महाअभियोगको पक्षमा अहिलेसम्म एमाले संस्थागत निर्णयसहित उभिएको छ भने नेपाली काँग्रेसले यसबारेमा निर्णय गर्न सकेको छैन । सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रले भने महाअभियोगमा समर्थन जुटाउने र निर्णय गर्ने अधिकार अध्यक्ष पुष्पकमल दाहाललाई दिएपछि उनले सबै सांसदलाई महाअभियोगको पक्षमा उभिन निर्देशन दिइसकेका छन् । महाअभियोग संसदमा दर्ता भएपनि यसलाई असफल बनाउँन ... बाँकी ८ पेजमा

## राष्ट्रिय स्वाधीनतामाथि गम्भीर खतरा



किरण

आज एकातिर विश्वमा साम्राज्यवादी भूमण्डलीकरणको प्रक्रिया तीव्र बन्दै गएको छ भने अर्कोतिर तेस्रो विश्वका अविकसित मुलुकहरुमा राष्ट्रिय स्वाधीनताको रक्षाको समस्या पहिलेको तुलनामा गम्भीर बन्न पुगेको छ । भू-भाग, जनसंख्या र अर्थतन्त्रमा ठूला रहिआएका दुई देशको बीचमा भूपरिवेष्ठित अवस्थामा रहेको नेपालजस्तो अविकसित मुलुकका सन्दर्भमा राष्ट्रिय स्वाधीनताको समस्या झनै गम्भीर बन्दै गएको छ । त्यसमाथि, नेपाल र भारतका प्रधानमन्त्रीद्वारा दिइएको संयुक्त वक्तव्यले विषयलाई गम्भीर मात्र होइन, भयावह समेत बनाउने काम गरेको छ ।

नेपाल प्रत्यक्ष औपनिवेशिक अवस्थामा कहिल्यै रहेन । परन्तु, यसले सुगौली सन्धिपश्चात् ब्रिटिस भारतको अर्धऔपनिवेशिक र १९५० को सन्धि पश्चात् भारतको नवऔपनिवेशिक उत्पीडनसमेत भोग्दै आउनु पऱ्यो । त्यो बेलादेखि अहिलेसम्म भारतसित जलस्रोत, व्यापार, पारवहन, सुरक्षासहित आर्थिक, राजनीतिक तथा सांस्कृतिक क्षेत्रमा अनेकौं असमान सन्धि सम्झौताहरु भएका छन् । नेपालले भारतीय हस्तक्षेप तथा प्रभुत्व सहदै आउनु परेको छ । नेपालको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्नमा एउटा कालखण्डमा देशभक्त तथा वामपन्थीहरुले महत्वपूर्ण भूमिका खेलेका छन् । परन्तु, अर्को कालखण्डमा वामपन्थीहरुको एउटा विशाल हिस्साको हालत निकै खराब बन्दै आएको छ ।

हालै नेपाल र भारतका दुई प्रधानमन्त्रीबीच जुन संयुक्त वक्तव्य निकालियो, त्यसले नेपाली राष्ट्रिय स्वाधीनताको प्रश्नमा गम्भीर आघात पुऱ्याउने काम गरेको छ । सबैभन्दा पहिलो कुरा त, सन् १९५० लगायत सबै असमान सन्धि सम्झौता खारेज गरी नयाँ आधारमा नयाँ सन्धि सम्झौता गर्ने कुरा हुँदै आएकोमा त्यसविपरीत ती यावत् सन्धि सम्झौतालाई निरन्तरता दिन स्वीकारिएको छ । यो राष्ट्रघात त हुँदै हो, यसले अझै गम्भीर राष्ट्रघातका लागि एउटा बलियो आधार प्रदान गरेको छ । सो सम्झौताको चौथो बुँदामा भारतसितको विशिष्ट सम्बन्धलाई नयाँ उचाइँ प्रदान गरिएको कुरा उल्लेख गरिएको छ । स्मरण रहोस्, भारतीय शासक वर्गले नेपालसितको विशेष सम्बन्धको कुरा गर्दै आएको छ र त्यसलाई हामीले ठूल्दाइको हेपाहा व्यवहार भन्ने गरेका छौं । हामीले भारतसित कुनै पनि प्रकारको विशेष सम्बन्ध हुनु हुँदैन भनेर निरन्तर विरोध गर्दै आएका थियौं । परन्तु, अहिले आफैले त्यसप्रकारको ठूल्दाई व्यवहारलाई शिरोधार्य गरिएको छ । यसले नेपाल भारतको मातहतमा रहेको भन्ने देखाउन खोजेको छ । त्यत्ति मात्र होइन, सो सम्युक्त वक्तव्यको एघारौं बुँदामा गएर संयुक्त राष्ट्रसंघसित सम्बन्धित कतिपय विषय लगायत मुख्य अन्तर्राष्ट्रिय मामिलाहरुमा दुवै देशको समान समझदारी रहेको कुरालाई अंगीकार गरी नेपालको स्वतन्त्र परराष्ट्र नीतिलाई तिलाञ्जली दिने काम गरिएको छ । साथै, सोही संयुक्त वक्तव्यको दशौं बुँदामा नेपालका प्रधानमन्त्रीका तर्फबाट नेपालको संविधानमा वर्तमान भारतीय सरकारको सहमति लिन खोजिएको गाइजात्रा देख्न पाइन्छ । उक्त सबै कुरामाथि ध्यानदिंदा त्यस संयुक्त वक्तव्यबाट नेपालको राष्ट्रिय स्वाधीनतामाथि थप राष्ट्रघात हुन गएको र नेपालको राष्ट्रिय पहिचानमाथि गम्भीर प्रकारको धक्का लाग्न गएको छ ।

वस्तुतः भारतीय विस्तारवाद एकातिर नेपालका सन्दर्भमा उत्पीडक र अर्कोतिर आफ्नै सन्दर्भमा विश्व साम्राज्यवादद्वारा उत्पीडित रहिआएको छ । हिंजो भारत ब्रिटिश साम्राज्यवादद्वारा उत्पीडित बन्न गएको थियो भने आज मुख्यतः अमेरिकी साम्राज्यवादद्वारा उत्पीडित बन्न गएको छ । साम्राज्यवादी भूमण्डलीकरण र नवउदारवादी अर्थतन्त्रका विरुद्ध भारतका देशभक्त, वामपन्थी तथा प्रगतिशील शक्तिहरुले सशक्त आवाज उठाउँदै आएका छन् । यसरी ... बाँकी ६ पेजमा

वर्गदृष्टि Bargadrishti Weekly साप्ताहिक

## सम्पादकीय

# लोकमान प्रकरण: दण्डहीनताको पराकाष्ठा

नेपाल सरकारअन्तर्गतको एउटा संवैधानिक निकायको प्रमुखले राज्यका तीनवटै अंग व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकालाई चुनौती दिँदा पनि राज्य निरीह अवस्थामा रहनु र राज्यमाथि व्यक्ति हावी हुन पुग्नु भनेको कथित लोकतन्त्रमाथिको भद्दा मजाक र दण्डहीनताको पराकाष्ठा हो । लोकमान प्रकरणलाई मलजल गर्न ठूला भनिएका सत्तारुढ र प्रतिपक्ष दलका प्रमुख नेताहरुको भ्रष्ट, अनैतिक र गैरजिम्मेवार छविले पनि प्रमुख भूमिका खेलेको छ । र, दिल्लीको दलालीको विद्रुपीकरण पनि हो लोकमान प्रकरण ।

शक्तिकेन्द्रको आडभरोसामा रँजाइ गर्दै आएको हुनाले नै अराजक लोकमानमाथि कारबाही गर्न राज्यले खुट्टा कमाइरहेको छ । उल्टै लोकमानलाई बचाउन अहिले पनि पर्दाभित्र अनकौं षड्यन्त्रहरु भइरहेका छन् । सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ नै दिल्लीको दबाबमा लोकमानलाई बँचाउन बढी दौडधूप गरिरहेका छन् । तर सदन र सडकको बढ्दो दबाबलाई सत्तास्वार्थ र भ्रष्ट छवी लुकाउने दोहोरो खेलमा रहेका तीन ठूला दलका नेताहरुले अब लोकमानलाई बचाउन सक्ने स्थिति देखिन्न । र, भ्रष्ट, अनैतिक र गैरजिम्मेवार नेताहरुको पनि लोकमान प्रकरणसँगै पोल खुल्दै जाने देखिन्छ ।

एमालेका १० नेतामाथि छानविन सुरु गरेपछि अप्रत्यासित रुपमा महाभियोग प्रस्ताव संसदमा दर्ता गरिएको प्रसंग एकातिर छ भने अर्कोतिर जनमुक्ति सेनाको क्यान्टोनमेन्टमा भएको घोटालाकाण्डको चर्चा पनि छ । लोकमानलाई हटाउँदा र राख्दा कसलाई कति फाइदा हुने, को कसरी जोगिन सक्छ भन्ने जोडघटाउले लोकमान प्रकरणलाई उछाल्ने काम भइरहेको छ । आफूलाई लोकतन्त्रको ठेकेदार भनाउने कांग्रेस, एमाले र माकेहरु लोकमानलाई कानुनको दायरामा ल्याएर कारबाही गर्न एकमत नदेखिनु अर्को विडम्बना देखिन पुगेको छ ।

लोकमान प्रकरणसँग उजागर भएको वर्तमान संसदीय व्यवस्थाको संकटपूर्ण स्थितिको फाइदा उठाउँदै प्रतिगामी तथा पुनरुत्थानवादी शक्तिहरुले पनि टाउको उठाउन थालेका छन् र राज्यलाई खुल्लेआम ठूलो स्वरमा ‘विद्रोह’को धम्की दिन थालेका छन् । यी सबै खेलहरुको पछाडि पुनरुत्थानवादीहरुलाई हावी गराउन खोज्ने पात्र र प्रवृत्तिहरुले योजनाबद्ध रुपमा लोकमान प्रकरणलाई उछाल्न खोजेको त होइन ? गम्भीर सवालहरु खडा भएका छन् ।

मुलुकमा क्रान्तिकारी शक्ति कमजोर अवस्थामा रहेको मौका छोपेर यथास्थितिवादी र पुनरुत्थानवादी शक्तिहरुको समिकरण बनाएर सार र रुप दुवै एक भएको पुरानै राज्यव्यवस्थालाई फर्काउने गम्भीर षड्यन्त्रहरु पदार्पण भइरहेका छन् । यी सबै षड्यन्त्रका पछाडि फेरि पनि दिल्लीका दलालहरु नै सक्रिय रहेको देखिन्छ । नेपाललाई अस्थिरतातर्फ धकेलेर आफ्नो स्वार्थ पुरा गर्दै आएको दिल्लीले लोकमान प्रकरणबाट पनि आफ्नो अर्को स्वार्थ पूरा गराउन खोजेको देखिन्छ । लोकमानलाई वार्गेनिङ टुल्सको रुपमा उसले प्रयोग गरेको देखिन्छ ।

यसर्थमा, क्रान्तिकारी माओवादीले भने जस्तै पार्टी सरकार, सत्ता वा सरकारी सेवामा रहेका कुनै पनि व्यक्तिबाट पदको दुरुपयोग तथा भ्रष्टाचार गरिएको स्थितिमा त्यस प्रकारका व्यक्तिहरुमाथि अनुशासनको कारबाही हुनुपर्छ । प्रम प्रचण्डको मात्रै होइन, मुलुककै सफलता र असफलता पनि लोकमान प्रकरणसँग जोडिएर आएको छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निशपक्ष खबर तथा
विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

# ‘जनतासँग घनिष्ठ सम्बन्ध बनाउने कार्यशैली’बारे



माओत्सेतुङ

जनताका बिचारलाई नम्र भै सुनेर र तिनीहरुसँग छलफल गरेर मात्र हामीले तिनीहरुको ज्ञानलाई केन्द्रित गर्न सक्छौं, तिनीहरुको नयाँ खोजलाई प्रयोग गर्न सक्छौं, अनुभवलाई संश्लेषण गर्न सक्छौं र क्रान्तिकारी व्यवहारलाई नेतृत्व गर्न आवश्यक सही ज्ञान प्राप्त गर्न सक्छौं । जनतासँग छलफल गर्न हामीले तिनीहरुको विचार सुन्नु पर्दछ । हाम्रो काम गर्ने सिप पुगेन भने, अपठ्यारो आई पर्‍यो भने वा हाम्रो अनुभव पुगेन भने हामीले जनताबाट तिनीहरुको विचार सुन्नु पर्दछ र हामीले परिस्थिति बुझ्ने पनि, काम राम्रोसंग अगाडि बढे पनि र हामीले जिते पनि यो आवश्यक भैरहन्छ । उनीहरुसँग सहमत भए पनि नभए पनि हामीले जनताका सबै विचारलाई सुन्नु पर्दछ ।

जनतासँग घनिष्ठ सम्बन्ध बनाउने र सबै विषयमा तिनीहरुसंग छलफल गर्ने कार्यशैली पार्टीको परम्परागत कार्यशैली हो र शक्तिको स्रोत हो, जसले पार्टीलाई सबै दुश्मनलाई हराउन र सबै समस्याको सामना गर्नसक्ने बनाएको छ ।

मार्क्सवादले मान्दछ कि जनसमुदाय भनेका इतिहासका मालिक हुन्, तिनीहरु समाजलाई अगाडि बढाउने निर्णायक शक्ति हुन् । जनसमुदाय केबल संसारको भौतिक र आत्मिक सम्पत्तिका निर्माता मात्र होइनन्, बरु तिनका क्रान्तिकारी संघर्षहरु समाजलाई अगाडि बढाउने चालक शक्ति हुन् । दासहरु इतिहासका निर्माता हुन्, यो आधारभूत ऐतिहासिक भौतिकवादी दृष्टिकोण हो । मार्क्स र एंगेल्सले औंल्याउनु भयो, “ऐतिहासिक आन्दोलन जनताको काम हो”, (१५६) र लेनिनले लेख्नुभयो, “जीवन्त, सिर्जनशील समाजवाद जनता कै उपज हो”, (१५७) अध्यक्ष माओले पनि औंल्याउनु भएको छ, “जनता र केबल जनता विश्व इतिहासका चालक शक्ति हुन् ।” (१५८) जनतासँग घनिष्ठ सम्बन्ध बनाउन हामीहरु “जनता नै असली नायक हुन्” भन्ने विचारले सुसज्जित हुनै पर्दछ, क्रान्तिको तागत जनसमुदायमा रहन्छ भन्ने कुरामा विस्वस्त हुनु पर्दछ र इतिहासको निर्माताका रुपमा तिनीहरुको गौरवशाली भूमिकालाई पूर्णतः स्वीकार्नु पर्दछ । हाम्रो पार्टीले जनसमुदायलाई नेतृत्व गर्न सक्ने कारण के हो भने यसले जनताका हितको प्रतिनिधित्व गर्दछ, हार्दिकताका साथ तिनीहरुको सेवा गर्दछ, तिनीहरुमा विश्वास गर्दछ, तिनीहरुमा भर पर्दछ र तिनहिरुसँग घनिष्ठ सम्बन्ध बनाएर साम्यवादको प्राप्तिका निम्ति संघर्ष गर्दछ ।

जनतासँग घनिष्ठ सम्बन्ध बनाउने कुरा हाम्रो पार्टीको गौरवशाली परम्परा हो । जनवादी क्रान्तिका बेला हाम्रो पार्टीले अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशाको नेतृत्वमा जनतालाई परिचालन गरेर र तिनीहरुमा भर परेर जनमुक्ति सेनाको निर्माण गर्‍यो र क्रान्तिकारी आधारहरु स्थापना गर्‍यो । यसरी, २८ बर्षको वीरतापूर्ण संघर्ष पछि, केबल कोदो र भरुवा बन्दुकको भरमा यसले आफुलाई अपराजेय ठान्ने जापानी फासिवादी लुटेराहरुलाई हराउन र अमेरिकी साम्राज्यवादद्वारा आपुर्ति गरिएको कोमिन्ताङ्गको ८० लाख प्रतिक्रियावादी सेनालाई नामेट पार्न सफल भयो । कठोर संघर्षका ती वर्षहरुमा हाम्रो पार्टी र जनमुक्ति सेनाले सुखदुःख साटासाट गरेर शक्तिशाली दुश्मनलाई पराजित गर्‍यो र नया जनवादी क्रान्तिमा पूरा जीत हात पार्‍यो । सम्पूर्ण देशको मुक्ति पछि, जनतालाई पुरा परिचालन गरेर र तिनीहरु माथि दृढतापूर्वक भर परेर हाम्रो पार्टीले देशभित्र र बाहिरका दुश्मनहरुद्वारा भड्काइएका अवरोध र तोडफोडलाई ध्वस्त पारिदिएको छ । स्वाधीनता, आत्म-निर्भरता र कठोर संघर्षको क्रान्तिकारी स्पिरिटलाई प्रदर्शन गर्दै र सँधै चौतर्फी नेतृत्व प्रदान गर्दै यसले पुरानो, गरीव, पिछडिएको र संकटग्रस्त चीनलाई सम्बृद्धितर्फ अगाडि बढेको एउटा समाजवादी चीनमा फेरेको छ । माओले व्यक्तिगत रुपमा सुरु गरेर नेतृत्व प्रदान गर्नुभएको महान् सर्बहारा सांस्कृतिक क्रान्तिको प्रक्रियामा हाम्रो पार्टीले ठूलो मात्रामा जनतालाई परिचालन गर्‍यो, तिनीहरुमाथि भर पर्‍यो र सर्बहारा वर्गको अधिनायकत्व अन्तर्गत र व्यापक जनवादमार्फत् उग्र आँधीका रुपमा एउटा जबर्जस्त जनआन्दोलनको उठान गरायो र यसरी महान् सर्वहारा सांस्कृतिक क्रान्तिका क्रममा एउटा लिउ शाओचीले र अर्को लिन पियाओले अगुवाई गरेका दुई बुर्जुवा मुख्यालय ध्वस्त भए र धेरै महत्वपूर्ण जीतहरु हासिल भए । असंख्य तथ्यहरुले यो देखाउँछन् कि हामीले जनतामा विश्वास गरेको, तीमाथि भर परेको र तिनीहरुसंग घनिष्ठ सम्बन्ध बनाएको स्थितिमा, मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधाराले सुसज्जित जनसमुदायहरु अपराजेय हुन्छन् र हामीले अनिवार्य विजय हासिल गर्ने छौं ।


जनतासँग घनिष्ठ सम्बन्ध हुने वा तिनीहरुबाट अलग हुने (अथवा जनताबाट डराउने वा क्रान्तिकारी जनआन्दोलनको विरोध गर्ने) कुरा विधिको मात्र प्रश्न होइन, बरु यो त अडान र विश्व दृष्टिकोणसँग जोडिएको एउटा आधारभूत प्रश्न हो । यो अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशा र दक्षिण तथा “वाम” अवसरवादी कार्यदिशाका बीचमा चल्ने संघर्षको एउटा महत्वपूर्ण प्रश्न हो । अवसरवादी कार्यदिशाका मुखियाहरु सबै आदर्शवादी हुन्छन्, तिनीहरुले हठपूर्वक बुर्जुवाको पक्ष लिन्छन्, सम्पूर्ण तागत लगाएर जनतालाई बदनाम र तिरस्कार गर्दछन् । तिनीहरुले इतिहासका निर्माताका रुपमा जनसमुदायको महत्वपूर्ण भूमिकालाई इन्कार गर्छन्, पार्टीले नेतृत्व गरेका क्रान्तिकारी जनआन्दोलनका विरोधी हुन्छन् र त्यसलाई ध्वंश गर्छन् । पहिलो क्रान्तिकारी गृहयुद्धका बेला दक्षिणपन्थी अवसरवादी कार्यदिशाको मुखिया छन् तु-शुले चिनियाँ सर्बहारा वर्ग “वचकाना” छ “यो स्वतन्त्र क्रान्तिकारी शक्ति होइन”, भनेर बद्नाम गर्‍यो र चिनियाँ जनता “अनुशासनहीन” र “रुढीवादी” छन्, “तिनीहरुलाई क्रान्तिको पक्षमा तान्न गाह्रो हुन्छ” भन्ने दावी गर्‍यो । उसमा क्रान्तिको तागतमा विश्वास थिएन, उसले दक्षिणपन्थी आत्मसमर्पणवादी कार्यदिशा लियो र वीरतापूर्ण क्रान्तिकारी आन्दोलनलाई पराजयमा पुर्‍यायो । समाजवादको ऐतिहासिक अवधिमा पार्टीको आधारभूत कार्यदिशालाई बदल्नका निम्ति लिउ शाओची, लिन पियाओ र त्यस्तै अरु ठगहरुले पार्टीको जनदिशा र जनतासँग घनिष्ठ सम्बन्ध बनाउने उत्कृष्ट कार्यशैलीलाई ध्वस्त गर्न आफ्नो पुरै तागत लगाएर काम गरे । “पिछडिएका जनता”को सिद्धान्तलाई खुला रुपमा अगाडि सारेर लिउ शाओचीले “चार सफाई आन्दोलन”का बेला जन परिचालनको विरोध गर्‍यो (१६०) र महान सर्बहारा सांस्कृतिक क्रान्तिको अवधिभरि उसले बुर्जुवा प्रतिक्रियावादी कार्यदिशा लागु गर्‍यो र क्रान्तिकारी जनआन्दोलनलाई दबायो । लिन पियाओका सन्दर्भमा, उसले “प्रतिभाको सिद्धान्त”को हल्ला मच्चायो र निर्लज्जतापूर्वक आफूमा “जन्मजात ज्ञान” र “जन्मजात चेतना”भएको भनेर आफैलाई “प्रतिभा”को पगरी गुथायो । साथै, “धनी हुन र मोजमस्ती गर्न” रुचाउने र “तेल, नुन, भट्टको सस, अमिलो र दाउरा” बाहेक अरु केही नचिनेका गंवारका रुपमा व्यवहार गर्दै उसले आम मजदुर तथा किसान जनसमुदायलाई होच्याउंथ्यो । लिन पियाओ र उसको गुटले मार्क्सवाद-लेनिनवादका आधारभूत सिद्धान्तलाई निषेध गर्न द्वैत कुतर्कको प्रयोग गर्दै “वीर र दासहरु दुबैले संगै मिलेर इतिहासको निर्माण गर्दछन्” भन्ने बकबासको पनि प्रचार गर्दथ्यो । हामीले लिउ शाओची र लिन पियाओका इतिहाससम्बन्धी प्रतिक्रियावादी र आदर्शवादी अवधारणको सांगोपांगो आलोचना गर्नु पर्दछ, जनता र पार्टीका बीचको सम्बन्धलाई निरन्तर बलियो बनाइराख्नु पर्दछ र दशौं महाधिबेशनद्वारा स्थापित गरिएको राजनीतिक कार्यदिशा अनुसार साहसका साथ अगाडि बढनु पर्छ ।

जनता र पार्टीका बीचमा घनिष्ठ सम्बन्ध बनाइराख्न हामीले जनतासँग छलफल गर्नु पर्दछ र नम्र भएर तिनीहरुको विचार सुन्नु पर्दछ । अध्यक्ष माओले हामीलाई सिकाउनु भएको छ कि “वास्तविक निजी ज्ञान भएका जनताहरु ती हुन्, जुन संसारभरी व्यवहारमा जोडिएका हुन्छन् ।” (१६१) तीन महत्वपूर्ण क्रान्तिकारी आन्दोलनको अग्र मोर्चामा लडेका आम जनसमुदामा गहिरो व्यावहारिक ज्ञान हुन्छ । जनताका बिचारलाई नम्र भै सुनेर र तिनीहरुसँग छलफल गरेर मात्र हामीले तिनीहरुको ज्ञानलाई केन्द्रीत गर्न सक्छौं, तिनीहरुको नयाँ खोजलाई प्रयोग गर्न सक्छौं, अनुभवलाई संश्लेषण गर्न सक्छौं र क्रान्तिकारी व्यवहारलाई नेतृत्व गर्न आवश्यक सही ज्ञान प्राप्त गर्न सक्छौं । जनतासँग छलफल गर्न हामीले तिनीहरुको विचार सुन्नु पर्दछ । हाम्रो काम गर्ने सिप पुगेन भने, अपठ्यारो आई पर्‍यो भने वा हाम्रो अनुभव पुगेन भने हामीले जनताबाट तिनीहरुको विचार सुन्नु पर्दछ र हामीले परिस्थिति बुझ्ने पनि, काम राम्रोसँग अगाडि बढे पनि र हामीले जिते पनि यो आवश्यक भैरहन्छ । उनीहरुसँग सहमत भए पनि नभए पनि हामीले जनताका सबै विचारलाई सुन्नु पर्दछ । हामीले सबैलाई आफ्नो भनाइ बोल्न दिनु पर्दछ, तिनीहरुको मनमा के छ जनतालाई अभिव्यक्त गर्न दिनु पर्दछ । हामीले जनताको ज्ञानलाई जम्मा गर्नु पर्दछ, कुन मूल्यको छ, कुन छैन छुट्याउनु पर्दछ र माओ त्सेतुङ्ग विचारधाराका आधारमा सोचाईमा एकरुपता प्राप्त गर्नु पर्दछ । त्यसरी मात्र हामीले जनताको पहलकदमी र सिर्जनशीलतालाई पूरा अगाडि ल्याउन सक्छौं, तिनीहरुको ज्ञानलाई पुरा एकत्रित गर्न सक्छौं र क्रान्ति तथा निर्माणको विकासका निमित्त थप प्रेरणा दिन सक्छौं । केही कमरेडहरुले आफुमात्र बोल्न चाहन्छन् र जनतालाई आफ्नो विचार राख्न दिँदैनन् । अनुसन्धानको काम होस् वा समस्या समाधान गर्न होस्, समस्याको समाधान गर्ने आफुमात्र हुन चाहन्छन्, तिनीहरुले अरु कसैलाई बोल्न दिँदैनन्, जनताले त अरुले भनेको सुन्ने र आदेश मान्ने मात्र हो भन्ने ठान्छन् । यस्तो कार्यशैली पूर्णतः गलत छ, यसले जनतालाई आफ्नो विचार व्यक्त गर्नबाट पुरै रोक्दछ, तिनीहरुको पहलकदमी कमजोर हुन्छ र पार्टी र तिनीहरुका बीचको सम्बन्ध बिग्रन्छ ।

जनतासँग घनिष्ठ सम्बन्ध कायम राख्न, हाम्रो उनीहरुप्रति सही दृष्टिकोण हुनु पर्दछ र तिनीहरुलाई सही व्यवहार गर्नु पर्दछ । मार्क्सवादले मान्दछ कि जनतामा विस्वास गरेर, जनतामा भर परेर र जनतासँग घनिष्ठ सम्बन्ध बनाएर मात्र प्रत्येक व्यक्तिले आफ्नो भूमिका खेल्न सक्दछ र जनसमुदायको उद्देश्यमा राम्रो योगदान पुर्‍याउन सक्छ । यदि व्यक्तिको भूमिकालाई बढी मूल्यांकन र जनसमुदायको भूमिकालाई कम मूल्यांकन गर्छौं भने, यदि हामीले गरेको जति सबै राम्रो र जनताले गरेको सबै नराम्रो भन्नेमा विश्वास गर्छौं भने हामीले जनता र व्यक्तिको अवस्थिति उल्टयाई दिने छौं र ऐतिहासिक आदर्शवादमा चिप्लिने छौं । जहाँसम्म पार्टीका कार्यकर्ताहरु र सदस्यताको कुरा छ जनतालाई सही व्यवहार गर्नका निम्ति तिनीहरु स्वेच्छाले जनताका विद्यार्थी हुनु पर्दछ, नम्र भएर तिनीहरुबाट सिक्नु पर्दछ, जनताले तिनीहरुलाई सामान्य श्रमजीवि व्यक्तिका रुपमा देख्नु पर्दछ र जनताका बीचमा गहिरो जरा गाड्नु पर्दछ । पार्टीका कार्यकर्ताहरुले सामुहिक उत्पादन श्रममा भाग लिईराख्नु पर्दछ, श्रमजीवि जनताको विशेषतालाई बचाइराख्नु पर्दछ र जनतासँग रहिराख्नु पर्दछ ।

जनतालाई सही ढङ्गले नेतृत्व गर्नका निम्ति हामीले मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारालाई कसरी प्रयोग गर्ने भन्ने पनि जान्नु पर्दछ । कम्युनिष्ट पार्टीका सदस्यहरका निम्ति जनतासँग घनिष्ठ सम्बन्ध बनाउने भन्नुको अर्थ जनताबाट सिक्नु हो, यसको अर्थ तिनलाई सशस्त्र गर्न र संगठित गर्नका निम्ति तिनीहरुको बीचमा मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारालाई प्रचार गर्नु हो । जहाँसम्म जनतासँग व्यवहार गर्ने विधिको प्रश्न छ, एकातिर हामीले “नेतृत्व सर्बज्ञानी हुन्छ”, “जनता पिछडिएको हुन्छ” भन्ने सिद्धान्तका विरुद्ध लड्नु पर्दछ र नोकरशाही तथा आदेशात्मक गलत कार्य शैलीलाई पराजित गर्नु पर्दछ र अर्कोतिर “जनताले त्यस्तै चाहन्छन् भने होस्” भन्ने सोचको विरोध गर्नु पर्दछ र पुच्छरवादको हानिकारक प्रवृत्तिलाई पराजित गर्नु पर्दछ । यो तरिकाले मात्र हामीले अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशालाई सही ढङ्गले लागु गर्न पार्टीको कामलाई राम्ररी सम्पन्न गर्न सक्छौं ।

जनतासँग घनिष्ठ सम्बन्ध कायम राख्न, हामीले नम्र, विवेकी र कठोर संघर्षको कार्यशैली अपनाउनु पर्दछ । हामी कम्युनिष्ट पार्टीका सदस्यहरुले सधै जनताले फेर्ने हावाको सासफेर्नु पर्दछ र उही भाग्य बाँड्नु पर्दछ, हामीले आराम र आनन्द खोज्नु हुँदैन र कठोर जीवनलाई तिरस्कार गर्नु हुंदैन । हाम्रो पदोन्नति भयो भने पनि हामीले नम्र, विवेकी र जनतासँग घनिष्ठ सम्बन्ध बनाउने कार्यशैली बिर्सनु हुँदैन, हाम्रो जीवनस्तर राम्रो भए पनि हामीले कठोर संघर्षको शैली छाड्नु हुँदैन । यसरी मात्र हामीले बुर्जुवा विचार र जीवन शैलीले गर्ने भ्रष्टीकरणको प्रभावकारी ढङ्गले विरोध गर्न सक्नेछौं, हामी जनताबाट अलग हुने छैनौं र यसरी क्रान्ति र निर्माणमा अरु ठूला जित हात पार्नका निम्ति हाम्रो पार्टीको जनतासँगको सम्बन्ध सँधैं माछाको सम्बन्ध पानीसँग जस्तो हुनेछ ।



# देश बचाउन जनता सडकमा उत्रनेछन्

सिपी गजुरेल
अध्यक्ष, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

**२५ बुँदे संयुक्त वक्तव्यपछि नेपालको राष्ट्रिय स्वाधीनताको स्थितिमा केही फेरबदल आएको पाउनु भएको छ ?**

-भाद्र ३१, २०७३ मा दिल्लीमा नेपाली प्रधानमन्त्री पुष्पकमल दाहाल र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका बीचमा भएको २५ बूँदे संयुक्त विज्ञप्ति राष्ट्रघाती छ र यसले नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमसत्तामाथि कुठाराघात गरेको छ । यसले नेपालको सार्वभौमिकताको हैसियत भुटानकै स्तरमा गिराएको छ । यो सबै अहिले नै लागु नै भैसकेको त छैन । तर लागु गर्नका लागि यसले आधार तयार पारेको छ । दाहाल र मोदीले यसको प्रतिक्रिया नेपालमा कस्तो पर्दोरहेछ भनेर विचार गरिरहेका होलान् । यदि यसको कडा विरोध भएन वा यसलाई सहजै पचाउन सक्ने स्थिति देखा पर्‍यो भने यो चाँडै नै कार्यान्वयनमा जान्छ र नेपाल भुटानकै अवस्थामा पुग्नेछ । यसको ठूलो रुपमा विरोध भयो र यसका विरुद्ध ठूलो प्रतिक्रिया देखापर्‍यो भने अहिले यसलाई निस्क्रिय बनाएर राखिनेछ र उपयुक्त समय पारेर यसलाई लागु गरिने छ ।

यसको प्रभाव नेपालको परराष्ट्र मामिलामा परिसकेको छ । जस्तो कि संयुक्त राष्ट्र संघको स्थायी सदस्यताको नेपालका तर्फबाट मोदीसँगको संयुक्त विज्ञप्तिमै समर्थन गर्ने कबोल गर्ने काम भएको छ । पहिले निश्चित भएको भनिएको चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमण अन्तिममा आएर रद्द भएको छ । यसको नकारात्मक प्रभाव सार्कको शिखर सम्मेलनमा अध्यक्षता गरिरहेको नेपालले कुनै भूमिका खेल्न सकेन । यसैगरी यसको प्रभाव देखिँदै जानेछ ।

**प्रधानमन्त्री प्रचण्ड गोवा सम्मेलनमा सहभागी हुन जाँदा छिमेकी राष्ट्र प्रमुखहरुसँग भएका कुटनीतिक भेटहरुलाई चाहिं कसरी लिनुभएको छ ?**

-गोवा सम्मेलनमा सहभागी हुन जाने प्रम प्रचण्डले बताएको घोषित प्रमुख उद्देश्य थियो, चिनियाँ राष्ट्रपतिलाई भेटेर उनको स्थगित भएको नेपाल भ्रमण गराउने प्रयास गर्नु । प्राप्त जानकारी अनुसार, चिनियाँ राष्ट्रपतिबाट दाहालले औपचारिक भेटको समय पाएनन् । उनको लबीमा भेट भयो र उनले सीसँग कुरा गर्दागर्दै मोदी पनि आइपुगे । यसलाई औपचारिक वार्ता मानिदैन । यो एक प्रकारको हाई हलो जस्तो मात्र हो । त्यसैबेला, उनले चिनियाँ राष्ट्रपतिलाई नेपाल आउने निम्ता दिए । कुटनीतिक व्यवहार देखाउँदै सि ले उपयुक्त समयमा सकभर छिटो नेपाल भ्रमणमा आउने प्रत्यत्तर दिए । तर, यसलाई दाहालहरुले “त्रि-पक्षीय वार्ता भएको” र “नेपालका प्रमले त्रिदेशीय सहकार्यको प्रस्ताव राखेको र त्यसलाई सी र मोदीले समेत समर्थन गरेको” हल्ला फिँजाए । कतिपय संचार माध्यमले यो भेट ‘वेटिंग रुममा भएको थियो’ भनेर लेखे भने कतिपयले ‘होटेलको लबीमा भएको’ भनेर लेखे । भारतको विदेश मन्त्रालयका प्रवक्ताले यो ‘लबीमा संयोगले भएको भेटघाट’ मात्र थियो भनेपछि यसको पोल खुल्यो । अझ काठमाडौं एयरपोर्टमा आएर त प्रचण्डले ‘ढुंगा खोज्दा देउता मिलेको’ विवरण प्रस्तुत गरेर अन्तर्राष्ट्रिय समुदायलाई अर्को पटक हँसाउने काम गरे । समग्रमा यी घटनाले देश नै लज्जित हुनु पर्‍यो । यो दुर्भाग्य नेपालीले कहिलेसम्म बेहोरिरहनु पर्ने हो, थाहा छैन ।

**नेपालका शासकहरुले छिमेकीसँग परस्पर हितमा आधारित सम्मानपूर्ण कुटनीतिक सम्बन्ध स्थापित गराउन नसक्नुको कारण के देख्नुहुन्छ ?**

-यसको मुख्य कारण के हो भने यहाँका शासकहरु प्रायः विदेशी शक्तिले सरकारमा ल्याइदिएका मानिसहरु हुन्छन् । त्यसकारण तिनीहरुको हैसियत नै दलालको हुन्छ, एउटा देशको स्वतन्त्र प्रतिनिधि जस्तो नै हुँदैन । तिनीहरु राष्ट्रको एजेण्डा पूरा गर्ने होइन, आफूलाई जस्ले यो ठाउँमा पुर्‍याइदियो, उसैले दिएको एजेण्डा लागु गर्ने भूमिका खेल्दछन् । अनि उनीहरुले ‘परस्पर हितमा आधारित सम्मानपूर्ण कुटनीतिक सम्बन्ध स्थापित’ गर्ने संभावना नै रहन्न ।

**हाम्रो भूराजनीतिक अवस्थिति त्यसका निम्ति कतिको जिम्मेवार देख्नुहुन्छ ?**

-यसप्रकारका अवस्था सिर्जना हुनुका पछाडि भूराजनीतिक अवस्थितिको मुख्य भूमिका हुँदैन । मुख्य भूमिका त यहाँको राजनीतिक व्यवस्था, जसका आधारमा यहाँ राज्य संचालन भैरहेको छ, सत्तामा भएका राजनीतिक पार्टीहरु र तिनका नेताहरु, राज्यसत्ताका विभिन्न अंगहरुको यसमा प्रमुख भूमिका हुन्छ । भूराजनीतिक अवस्थितिको पनि भूमिका त हुन्छ, त्यो प्रमुख र निर्णायक हुँदैन ।

**राष्ट्रिय सुरक्षा नीति र परराष्ट्र नीतिका विषयमा किन सबै राजनीतिक दल र पक्षहरुबीचमा एकमत हुन सकेको छैन ?**

-यसको मुख्य कारण हाम्रो देशमा विद्यमान अर्थ-सामाजिक स्थिति, यहाँको राजनीतिक सामाजिक व्यवस्था, यहाँका राजनीतिक पार्टीहरु र तिनका नेताहरुको चरित्र आदि मुख्य कारण हुन् । नेपाललाई स्वतन्त्र राष्ट्र भनिए पनि यो पूर्णरुपमा स्वतन्त्र छैन । नेपाल अहिले पनि साम्राज्यवाद र विशेषतः भारतीय विस्तारवादद्वारा उत्पीडित अर्ध वा नवऔपनिवेशिक राष्ट्र हो । यहाँ प्रायः तिनै विदेशी शक्तिको दलाली गरेर सत्तामा जाने चरित्र भएका राजनीतिक पार्टीहरुले नै यहाँको सत्ता संचालन गर्दै आएका छन् । त्यसकारण, यहाँ स्पष्ट सुरक्षा नीति नै छैन । विदेशीहरुसँग आत्मसमर्पण गर्नेहरुले स्वतन्त्र सुरक्षा नीति निर्माण र अवलम्बन गर्ने कुरै आउँदैन । परराष्ट्र नीतिका सन्दर्भमा पनि त्यही कुरा सत्य हो । भन्दा वा लेख्दा असंलग्न परराष्ट्र नीति भनिए पनि वास्तवमा विस्तारवादपरस्त परराष्ट्र नीतिको अभ्यास हुँदै आएको छ । पुष्पकमल दाहालले त खुलारुपमा आत्मसमर्पण गरेर भारतको छातामुनि लैजाने सुरक्षा र परराष्ट्र नीतिमा सहमति गरेर आएका छन् । यस सन्दर्भमा, नेमकिपाका नेता का. रोहितले हालै ‘प्रचण्ड देशद्रोही सावित हुनेछन्’ भनी गर्नुभएको सार्वजनिक टिप्पणी महत्वपूर्ण छ । खासगरी यहाँका सच्चा वामपन्थीले यस प्रकारको विदेशी शक्तिपरस्त नीतिको विरोध गर्दै आएका छन् । त्यसकारण, यी परस्पर विरोधी नीतिका वीचमा एकरुपता कायम हुन सक्ने अवस्था देखिँदैन ।

**नेपालमा अमेरिका, चीन र भारतको स्वार्थ टकराउन थालेको देखिन्छ । नेपाली भूमि कसैका विरुद्ध पनि प्रयोग हुन नदिन के गर्न जरुरी छ ?**

-नेपाल भूपरिवेष्ठित अवस्थामा चीन र भारतका बीचमा अवस्थित देश हो । पहिले भारत र चीन दुवै क्षेत्रीय शक्तिहरु मात्र थिए र तिनीहरु आपसमा प्रतिस्पर्धा गरिरहेका थिए । चीन र भारतका वीचमा सन् १९६२ मा ठूलो युद्ध पनि भएको थियो । तर अहिले चीन आर्थिक र सामरिक दृष्टिले एउटा विश्व शक्ति बनेको छ । चीनको अहिले टक्कर अमेरिकासँग छ । अमेरिका चीनलाई घेरामा पार्ने रणनीति अनुसार अघि बढिरहेको छ । त्यसको निमित्त उसले ‘स्वतन्त्र तिब्बत’नीति अनुसार नेपालबाट पनि घेर्ने नीति अपनाएको छ । सोवियत रुस विश्वको महाशक्ति हुँदा भारत रुसी खेमामा थियो । तर सोवियत संघको विघटनपछि रुस महाशक्तिको अवस्थामा रहेन । भारत अहिले अमेरिकी खेमातिर गएको अवस्था छ । त्यसैले नेपाल विदेशी शक्तिहरुको क्रिडास्थल हुने खतरा बढेर गएको छ । पुष्पकमल दाहालले भाद्र ३१ गते गरेको २५ बुँदे सहमतिपछि त्यो खतरा झन् टड्कारो रुपमा देखा परेको छ ।

नेपाली भूमि प्रयोग हुन नदिनका लागि सबैभन्दा पहिले त नेपाली जनतालाई नै सचेत र संगठित गर्नु आवश्यक छ । नेपालको सुरक्षा, राजनीतिक, सामाजिक स्थितिमा बाह्य प्रभाव र बाह्य शक्तिको हस्तक्षेपको बिरोधमा उत्रनु जरुरी छ, ताकि उनीहरुले नेपाललाई यसका निमित्त उपयोग गर्न नसकून् । नेपालको लागि असंलग्न परराष्ट्र नीति नै यतिखेर उपयुक्त हो । यसका विपरीत हुने क्रियाकलापलाई रोक्नु पनि जरुरी छ ।

**२५ बुँदे वक्तव्यको विरुद्ध आन्दोलन नै गर्नुपर्ने कारणहरु चाहिं के के हुन् ?**

-पहिलो कुरा, त्यो २५ बुँदे वक्तव्य समग्रमा नै नेपालको राष्ट्रिय हितविपरीत छ र त्यो प्रचण्डलाई भारतसमक्ष आत्मसमर्पण गराइएको दस्तावेज हो । खासगरी वैदेशिक हस्तक्षेप सम्बन्धी र नेपालको राष्ट्रिय स्वाधीनता विपरीत त्यसको ११ नं बुँदाले नेपाललाई एउटा स्वतन्त्र विदेश नीति लिन नसक्ने र भारतको नीति नै आफ्नो नीति भएको स्वीकार्ने, भारतको अधिनस्त रहने देशका रुपमा स्वीकार गरिएको छ । यो नीति नेपालजस्तो देशका लागि घातक नीति हो । माथिल्लो प्रश्नमा नेपाली भूमिलाई विदेशीहरुको हितमा प्रयोग हुने खतराको जुन चर्चा गरिएको छ, ठिक त्यही विषय सहमतिको ११ नं. बुँदामा उल्लेखित छ । औपचारिक रुपमा नेपाललाई एउटा स्वतन्त्र राष्ट्र मानिन्छ । खुलेआम कुनै शक्ति राष्ट्रको पक्षमा औपचारिक रुपमा अहिलेसम्म उभ्याउने काम कुनै पनि सरकारले गरेका थिएनन् । तर प्रचण्डले “दुई जना प्रधानमन्त्रीहरु दुबै देश प्रमुख अन्तर्राष्ट्रिय विषयहरुमा समान विचार राख्दछन् भन्ने कुरामा विश्वस्त छन ..” भन्ने ल्याप्चे लगाएर नेपाललाई भारतको छातामुनि लैजाने धृष्टता गरेका छन् ।



यसको असर चिनियाँ राष्ट्रपति सि जिन्पिङको प्रस्तावित नेपाल भ्रमणमा परेको छ । यसका साथै भारत र पाकिस्तानका वीच करिब युद्धको स्थिति उत्पन्न भएपछि प्रस्तावित सार्क शिखर सम्मेलनका सन्दर्भमा त्यसको अहिलेको अध्यक्ष भएको नेपालले खेल्नुपर्ने भूमिकामा पनि परेको छ । पाकिस्तानका पूर्वराष्ट्रपति परवेज मुसर्रफले नेपाललाई भुटानको समकक्षमा राखेर उदाहरण दिएको विषय पनि उल्लेखनीय छ ।

उपरोक्त कारणहरुले गर्दा नेपाल अब भारतको छातामुनि जाने, भारतमार्फत् अमेरिकी साम्राज्यवादको खेमामा गएर भूमिका निर्वाह गर्ने दिशातिर अग्रसर हुने खतरा छ । यसबाट चीन र नेपालबीच रहँदै आएको ६० वर्ष पुरानो सम्बन्ध बिग्रने खतरा छ । यी सबै कारणले उक्त राष्ट्रघाती २५ बुँदे सहमतिका बिरुद्ध देशभक्तिपूर्ण आन्दोलन नै संचालन गर्नुपर्ने आवश्यकता परेको हो ।

**राष्ट्रिय स्वाधीनताको मुद्दामा संयुक्त आन्दोलनको सम्भावना र त्यसको तयारी कसरी गर्दै हुनुहुन्छ ?**

-राष्ट्रिय स्वाधीनताको रक्षा, राष्ट्रलाई जोगाउने विषय हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) वा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको मात्र चासोको विषय होइन । यो त समग्र देशभक्त नेपालीको चासोको विषय हो । चाहे राजनीतिक पार्टी, चाहे अन्य कुनै संगठन, सेना, प्रहरी, कर्मचारीतन्त्र, सामान्य नागरिक जोसुकै पनि यो देश नरहे उनीहरु स्वतन्त्ररुपमा बाँच्न सक्दैनन् । त्यसकारण, सबैका लागि यो देश चाहिएको छ ।

अर्काथरि विदेशी दलालहरु, यो देश विदेशीहरुलाई सुम्पेर कठ्पुतली सरकार संचालन गर्ने र आफ्नो निहीत स्वार्थपूर्ति गर्ने योजनामा छन् । त्यसकारण, अहिले टक्कर देशभक्त र विदेशी दलाल राष्ट्रघातीका वीचमा छ । नेपालमा राष्ट्रघातीको संख्या दिनदिनै बढ्दै गएको कुरा सत्य हो । तर आम नेपाली जनता देशभक्त छन्, यहाँ लामो समयदेखि राष्ट्रिय स्वाधीनताको पक्षमा उभिँदै आएका वामपन्थी शक्तिहरु छन्, असंगठित देशभक्तहरुको ठूलो संख्या छ । हामी बिनापूर्वाग्रह सबै देशभक्तहरुलाई एकतावद्ध गराउन चाहन्छौं र त्यो विशाल संख्यामा रहेको तागतलाई एउटा ठूलो शक्तिका रुपमा विकसित गर्न चाहन्छौं ।

यसका निमित्त पहिलो कदमका रुपमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले गत आश्विन २० गते काठमाडौंमा यस विषयमा एउटा गोष्ठिको आयोजना गरेको थियो । गोष्ठीमा- नेपाल मजदूर किसान पार्टी, नेकपा (क्रान्तिकारी माओवादी), नेकपा(मसाल), नेकपा(माले), नेकपा माओवादी, जनमोर्चा आदि संगठनका शिर्ष नेताहरुले सशक्तरुपमा आफ्ना विचारहरु प्रस्तुत गर्नुभएको थियो । त्यसको भोलिपल्ट आठ वाम संगठनहरु - नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), नेकपा (माले), नेकपा (मार्क्सवादी), नेकपा (मार्क्सवादी), संयुक्त जनमोर्चा, जनमोर्चा नेपाल, देशभक्त जनगणतान्त्रिक मोर्चाका नेताहरुको उपस्थिति रहेको थियो । त्यस बैठकले यस विषयमा संयुक्त वक्तव्य जारी गर्नुका साथै आगामी कार्तिक ९ गते दिनको २ बजे काठमाडौंको सुन्धाराबाट जुलुस प्रदर्शन गर्ने र शान्तिवाटिकामा कोणसभा गर्ने निर्णय पनि गरेको छ । यसलाई राष्ट्रिय स्वाधीनताको विषयमा उठ्न लागेको संयुक्त आन्दोलनको सुरुवातका रुपमा लिइएको छ । नेपालमा एकपटक देश बचाउनका लागि नेपाली जनता फेरि सडकमा उत्रने सम्भावना हामी देखिरहेका छौं ।

**आठवटा साना वाम पार्टीहरु बाहेक अरु देशभक्त तथा गणतान्त्रिक शक्ति तथा व्यक्तिहरु यस आन्दोलनमा आउने सम्भावना चाहिं कस्तो देख्नुहुन्छ ? एमालेलगायतले पनि २५ बुँदेको विरोध गरिरहेका छन्, उनीहरुसँग पनि सहकार्यको सम्भावना देख्नुहुन्छ ?**

-आठ वाम पार्टीहरुदेखि बाहेक पनि देशभक्तहरु नेपालमा छन् भन्ने कुरालाई हामीले राम्रैसँग बुझ्नु आवश्यक छ । अहिलेकै सन्दर्भमा पनि २५ बुँदेमा ठूलो राष्ट्रघात भएको छ भनेर त्यसबारे चिन्ता लिने र त्यसका बिरुद्ध संघर्ष गर्नुपर्छ भन्ने विचार राख्ने धेरै देशभक्तहरु छन् । उनीहरुलाई एउटै मोर्चामा आउन समय लाग्न सक्ला, तर एकलेअर्कालाई सघाउनु पर्दछ भन्ने कुरामा त्यहाँ आम सहमति पाइन्छ । ढिलो चाँडो सबै देशभक्तहरु एकताबद्ध भएर संघर्षमा उत्रने राम्रो सम्भावना छ ।

एमालेका नेता केपी ओलीले केही राष्ट्रियतासम्बन्धी कुरा गरिरहेका छन् र अन्य नेताहरु खुलेर त्यसको बिरोधमा आएका पनि छैनन् । त्यसकारण, एमाले आफैं यस विषयमा विभाजित भएको देखिन्छ । अर्को कुरा, जुन पक्ष केही राष्ट्रियताको पक्षमा देखिएको छ, त्यो पक्ष यो विषयमा नेका र माके नांगिएको मौकामा चुनाव गराइहाल्न पाए, धेरै सिट जित्न पाइन्थ्यो भन्ने दाउमा लागेजस्तो देखिन्छ । ‘अरुलाई अरुको भन्दा, घरज्वाईंलाई खानकै धन्दा’ भन्ने उखानलाई एमालेका नेताहरुले राम्रैसँग चरितार्थ गराइरहेका छन् । उनीहरु राष्ट्रघाती २५ बुँदे सहमतिलाई संघर्षको मुद्दा बनाउने होइन कि फगत चुनावी मुद्दा बनाउने काममा लागेजस्तो देखिन्छ । अर्को कुरा एमालेका नेताहरुलाई वास्तविकरुपमा भारतविरोधी शक्तिसँग कुनै पनि किसिमको एकता गर्दा भारत चिढिने हो कि भन्ने भयले पनि सताइरहेको जस्तो बुझिन्छ । त्यसकारण, यतिखेरै एमाले यो देशभक्तहरुको मोर्चावन्दीमा आउने संभावना कमै छ । जेसुकै भए पनि २५ बुँदेको बिरोध गर्नेहरुसँग अहिले संघर्षको वातावरण नबनाउन हामी प्रयत्नशील रहनु पर्दछ ।

**विगत लामो समयदेखि राष्ट्रिय स्वाधीनताका मुद्दाहरु उठ्दै आएका छन् । यसको पक्षमा साना ठूला आन्दोलनहरु पनि हुँदै आएका छन् । अझ तत्कालीन दशवर्षे जनयुद्धकालमा त भारतका विरुद्ध ‘सुरुङ युद्ध’को नै उद्घोष गरिएको थियो । ती आन्दोलनहरु निर्णायक बन्न नसक्नुमा कारण के देख्नुहुन्छ ?**

-यो सत्य हो कि विगतमा राष्ट्रिय स्वाधीनताका मुद्दा उठ्दै आयो र साना ठूला आन्दोलनहरु पनि हुँदै आए । जनयुद्धका दौरानमा भारतीय विस्तारवादका बिरुद्ध सुरुङ युद्ध भन्दै सिमानामा सुरुङ खन्ने काम पनि भयो । यो संघर्ष निर्णायक त हुन सकेन, त्यसका विविध कारण छन् । तथापि तिनीहरुको ऐतिहासिक महत्व छ । यदि त्यस प्रकारका संघर्ष नभएको हुने थियो भने नेपाल आजभन्दा धेरै वर्ष पहिले नै भुटानको अवस्थामा पुगिसकेको हुने थियो । सायद यो २५ बुँदे किसिमको सहमति प्रचण्ड अथवा त्यस्तै अरु कसैले नेपालको सिक्किमीकरणका लागि गरेका हुने थिए र तिनको नाम इतिहासमा नेपाली लेण्डुप दोर्जेका रुपमा लेखिने थियो होला ।

जनयुद्धका दौरानमा राष्ट्रिय स्वाधीनता र भारतीय हस्तक्षेपविरोधी आन्दोलन जसरी संचालन गरियो, त्यसले उक्त क्रान्तिलाई ठूलो उर्जा दिएको थियो । तत्कालीन भारत सरकारले जनयुद्धमाथि दमन गर्नका लागि नेपालको सरकारलाई हतियार, सैनिक तालिम, आर्थिक सहयोग गर्नुका साथै तत्कालीन नेकपा (माओवादी)को माथिल्लो स्तरको नेतृत्वदेखि कार्यकर्तासम्मलाई भारतमा गिरफ्तार गरेर ठूल्ठूला मुद्दा लगाएर लामो समयसम्म भारतीय जेलहरुमा राख्यो । त्यसको आक्रोस समेतले जनयुद्धमा लड्नका लागि लडाकुहरुलाई प्रेरित गरेको थियो । त्यो निर्णायक बन्न नसक्नुको एउटा प्रमुख कारण त त्यसको नेतृत्व गर्दै आएका प्रचण्डले नै आत्मसमर्पण गरे र क्रान्तिप्रति विश्वासघात गरे, धोखा दिए । सफलताको नजिकै पुगेको क्रान्ति नै प्रतिक्रान्तिमा बदलियो । त्यो अवस्थामा देशभक्तिपूर्ण आन्दोलन एक्लै निर्णायक बन्नसक्ने हुन सक्दैनथ्यो ।

**सन् पचासलगायत सन्धिहरुको पुनरावलोकन गर्ने भनेर दुवै देशका प्रबुद्ध समूहले गरिरहेको गृहकार्यलाई चाहिं कसरी हेरिरहनु भएको छ ?**

-नेपाल र भारतका केही बुद्धिजीविहरुका बीचमा जुन प्रबुद्ध समूह बनेको छ, यो स्वतःस्फूर्त रुपमा बनेको होइन । यो भारत सरकार र नेपालको कठ्पुतली सरकारले बनाएको एउटा संरचना हो जस्तो लाग्दछ । नेपालमा सन् १९५० लगायतका सबै असमान सन्धीहरु खारेज हुनु पर्दछ भन्ने माग नेपालमा जबर्जस्त ढंगले उठिरहेको हुनाले त्यसको खारेजीलाई रोक्न कुनै उपाय निकाल्नका लागि यसको गठन गरिएको हो भन्ने देखिन्छ । प्रबुद्ध समूहका भारत पक्षका प्रमुख भगत सिंह कोसियारीले यसको उद्घाटन बैठकमा दिएको वक्तव्यले यसको उद्देश्य प्रष्ट गर्न ठूलो मदत गर्दछ ।

उनले भनेका थिए, ‘भारत नेपाललाई भुटानजस्तै सुखी देख्न चाहन्छ’। भारतको त्यही इच्छापूर्ति गर्ने उद्देश्य राखेर यसको गठन गरिएको हो कि भन्ने अनुमान गर्ने पर्याप्त ठाउँहरु छन् । समय क्रममा यसले गरेका कामहरुबाट नै यसबारे अझ स्पष्टता हुँदै जानेछ ।

वर्गदृष्टि
Bargadrishti Weekly साप्ताहिक

# माओको महान् ‘लङ्मार्च’बाट माओवादीले ‘क्रान्ति’ र ‘प्रेम’ नसिक्ने ?

■ **रविकिरण निर्जिव**

अध्यक्ष माओत्सेतुङ्ले चीनका ११ ओटा प्रान्तहरुमा चलाएको ‘लङ्मार्च’ को समयावधि अक्टोबर सन् १९३४ देखि अक्टोबर सन् १९३५ सम्म १ वर्षको थियो । त्यो ‘ लङ्मार्च’, ‘लम्बे अभियान’, ‘लामो अभियान’ तीनवटा भाषामा यसरी बोलिन्थ्यो । माओले त्यो अभियान प्रारम्भ गर्दा त्यसमा २० जना मात्र टिम सदस्य थिए र माओ त्यसका कमिश्नर (कमाण्डर) थिए । यो अभियान फुचेन प्रान्तको छाङतिङबाट सुरु भएर शेन्सी प्रान्तमा पुगेर समाप्त भएको थियो । यसले फुचेन, च्याङसी, क्वाङतुङ, हुनान, क्वाङसी, क्वेन्चवो, युन्नान, शिखाङ, स्छवान, कान्सु र शेन्सी गरी ११ ओटा प्रान्तको दर्जनौं गाउँ/क्षेत्रहरुमा अभियान पुऱ्याएको थियो । यस अभियानमा माआबाहेक चु तेह, चाङकोथावो, ल्यूपो-छङ आदि वरिष्ठ नेताहरुको नेतृत्व रहेको थियो तर छङले पार्टी र ‘लङ्मार्च’लाई धोका दिएको थियो ।

यो लम्बे अभियानको उद्देश्य जापानी आक्रमणकारी, पुँजीवादको खच्चड च्याङकाइसेक, ‘ वामपन्थी’ अवसरवादी र थरिथरिका प्रतिकृयावादीहरुद्वारा पार्टी र क्रान्तिलाई जोगाउनु थियो । त्यो ‘लङ्मार्च’द्वारा ठूल्ठुला र साना तर अति महत्वपूर्ण काम र कार्वाहीहरु सम्पन्न गरिएका थिए । ती काम र कार्वाहीहरु साहू, सामन्त, शोषक, युद्धसरदार आदिको विरुद्ध लक्षित थिए र किसान, श्रमजीवी, दलित, जनजाति आदि शोषक वर्गको कल्याण र मुक्ति त्यसको उद्देश्य । यस्तो छोटो लङमार्च माओले सन् १९६६ सेप्टेम्बरमा पनि चलाएका थिए ।

‘लङ्मार्च’ले प्रथमतः छाङतिङ कब्जा गरी स्थानीय शोषकलाई लखेटी तिनीहरुको जमिन गरिवहरुलाई वितरण गऱ्यो । रुइचिनमा पछि यसले च्याङसी प्रान्तका चियान मुक्त गऱ्यो । रुइचिनमा मजदुर, किसान, जनवादी, (केन्द्रीय) सरकार गठन गऱ्यो । जसको अध्यक्ष माओ भए, कमिशनर पदबाट पदोन्नति भएर । ‘लङ्मार्च’ले त्यसपछि फुचेन प्रान्त मुक्त गऱ्यो । ‘लङ्मार्च’ले आफ्नो बाटो र कार्यनीतिभित्र परेका स्थानीय निरङ्कुश शासकलाई सत्ताच्यूत गर्ने र जमिन्दारहरुका जग्गा गरिवलाई बाँड्ने क्रान्तिकारी काम गर्दै गयो ।

माओको केन्द्रीय कमाण्डमा तीस हजार लालसेनाहरु थिए । माओको कार्यकारी टीम र लाल सेना सिङगो ‘लङ्मार्च’ थियो । त्यो कावोपिनमा पुगेपछि शत्रुसेनाले आकाशबाट सैनिक जहाज भुइँमा ओरालेर लालसेनालाई घेरा हाल्यो । लाल सेना तिनलाई पराजित गरेर अघि बढ्यो । लालसेना वीतु देखि अगाडिको कुफी तथा शिनथ्येन कब्जा गर्दै त्यहाँ स्थित नूनखानी कब्जा गर्नपुग्यो । सेना ठाउँठाउँका शत्रुका नाकाबन्दी र अवरोधहरुलाई तोड्दै क्वाङ्सी र हुनान नजिक पुगी वीरतापूर्वक विशाल र बलवान शाङ नदी तऱ्यो । जापानी आक्रमणकारी र च्याङकाइसेकका सेना वर्षाबाट किसानका घर वाली र तिनका ज्यान ध्वस्त गर्थे एकातिर भने अर्कोतिर लालसेना किसानका बाधा र विपत्तिहरुमा राहत र सान्त्वना पुऱ्याउँदै अगाडि बढ्थे ।

इच्छुक र उमेर पुगेका स्थानीय युवकहरुलाई लालसेनामा भर्ती गरिन्थ्यो । तर सबै इच्छुक युवाहरुले भर्ती हुन नपाई निराश हुनु परेपनि एकदिन लालसेनामा भर्ना हुनेछु भनेर मनमनै प्रतिज्ञा गर्थे ।

लालसेना ‘सुनौलो वालुवा भएको नदी’मा पुग्यो । त्यो नदीको नाम चीन शा-च्याङ हो र त्यस वरपरको उपत्यका प्राकृतिक रुपले सुन्दर छ । त्यस नदी पार गर्न ३ दिन ३ रात लाग्यो । त्यहाँबाट सेना शिखाङको भ्यनिङ भन्ने ठाउँमा पुग्यो । त्यहाँ ठूलै तातु नदी थियो । त्यो नदी पार गर्न स्थानीय पार्टीले प्रत्येक सेनालाई १४ दिनको रासन, बाँसको १-१ लठ्ठी, ७-७ मिटर लामो डोरी दियो । सेना त्यो शिखाङ भन्ने ठाउँमा पुग्दा त्यस गाउँका मानिसहरुले माओ र लालसेनाहरुलाई उपहार दिएर र नाचगान गरेर भव्य स्वागत गरे ।

यो लालसेनाको समूह समय परस्थिति अनुसार बाँडिएर अलग-अलग क्षेत्रमा जान्थ्यो, अलग-अलग कमाण्डरको नेतृत्वमा, र कुनै ठाउँमा पुनः मिसिन्थ्यो ।

लङ्मार्च’ तातु नदी किनारको आनसुछाङ पुग्दा जनताले उनीहरुलाई लुतिङ तरेर जाने बाटो बताइदिए । बाटो सर्टकट भए पनि त्यो झाडीदार, घाँसे र निर्जन ठाउँ थियो । बाटो यस्तो झाडिदार र उबडखाबड भएको बेला टीममा भएका इन्जिनियर र ज्यामीहरुले झाडी काट्ने, ढिस्का खन्ने र खाल्टा-खुल्टी पुर्ने काम गरेर सजिलो बनाउथे ।

अभियान दलका चङशेक, हाङ, च्येछिङ, ज्वाङ, छन छाङ- फङ, हु वाङपावो, चुङ फु छाङ, लाको-वी, चङ शेन-ची, चङ श्येन- च, चुङ यङ हो आदि कम्युनिष्ट पार्टी स्थायी समितिका सदस्य थिए, जसमा गार्ड कमाण्डर मेडिकल अर्दली, भान्छे आदि थिए । छन छाङफङ अध्यक्ष माओका अङ्गरक्षक थिए ।

लालसेनाको फौज मोसिमेन पुग्यो । तातू नदी तरेर ह्वालिङ फिङ एक रात बसी श्वेचिती प्रस्थान गऱ्यो । त्यहाँ पुग्दा दुश्मन-सेनाले लालसेनाका थाप्लामाथि बम वर्षा गरे । धेरै सिपाही घाइते भए । घाइतेलाई काखमा लिएर माओले सान्त्वना दिए । स्वास्थ्यकर्मीले तिनको उपचार गरे । हु सख्त घाइते भएकाले स्वास्थ्यकर्मीले उनलाई बचाउन सकेनन् । उनलाई त्यहीं समाधिस्थ गरेर श्रद्धाञ्जली दिई टीम अगाडि बढ्यो ।

त्यसपछाडि वीर जनसेना च्याचिनको हिमाच्छादित पर्वत चढ्न थाल्यो । हिउँ, असिना र हुरी एकैचोटी ओइरियो । कोही हिउँको जमोटमा चिप्लिएर लडे, कोही हिउँमा गोडा गढेर बाटो बाहिरको हिमराशमा लडे, अझ ओरालो लाग्दा कति यात्रु बारम्बार चिप्लिएर लडे । कमजोरहरुलाई साथीले उठाइदिए । बाटो बनाउँदै अघि-अघि हिडेका सिपाहीलाई माओले चर्को स्वरमा भने- ‘हिउँ नखानुहोला, मुख सुख्छ, मुख बन्द गरेर नाकले मात्र सास फेर्नुहोला, साथमा भएदेखि नून, खुर्सानी, अदुवा, लसुन खानुहोला, विश्राम गर्दै हिँड्नुहोला ।

माओका अङ्गरक्षक फङलाई लेक लागेर पुल्टुङ्ग हिउँमा सुते, बेहोस भए । माओले उनलाई मसार-मुसुर गरे । स्वास्थ्यकर्मीले प्राथमिक उपचार गरे । एकै छिनपछि ब्यूँझिए । आफूसँगै माओलाई देखेर उनी मुस्कुराए ।

तल समथरमा पुगेपछि आराम गरेर खाने कुरा खाए र नजिकै सानो पहाड उक्लिए । त्यो पहाड ओर्लिनेबित्तिकै घाँसे मैदान आयो । क्रान्तिकारी यात्रीहरु थाकेकाले विस्तारै हिँडे र पहाडको फेदी आउनेबित्तिकै त्यसको ओढारमा बास बसे । त्यस दिन सिमसिम पानी परेकोले किरा-कमिलाले धेरै टोके, खूब दुःख पाए । लङ्मार्चको बाटोमा अग्ला शिखर, होचा-अग्ला पहाड, साना-ठूला नदी, उपत्यका आदि भू-धरातल आउँथे ।



अर्को दिन उनीहरु फराकिलो दलदलेमा कठिनताका साथ हिँडे । फङलाई फेरि हन्हन्ती औंलोको ज्वरो आयो । लालसेना त्यहाँ १ महिना बस्यो । त्यहाँ उनीहरुले क्रान्तिका धेरै कामहरु गरे । २/४ दिन ज्वरो थामिएर फेरि फङलाई त्यसले समायो । माओले उसलाई आफ्नो झुलभित्र सुताए । फङले माओको हेरचाह नपाएको भए मर्ने थिएँ भने र उनको कृतज्ञता सम्झिएर रोए ।

माओ बाटोमा हिँड्दा रसिला र व्यङ्ग्यविनादी जोक र चुटकिला भनेर यात्रा टोलीका सदस्यहरुलाई मनोरञ्जना दिइरहन्थे ।

एक बेलाको कुरा हो, जङ्गलमा बास पऱ्यो । मान्छेले आगो बालेर भात पकाउन थाले । अरुले दाउरा र पानी ल्याए । रुखका चराचुरुङ्गीहरु अनौठो र डराएको स्वरमा कराए । त्यो वेला माओले भने- ‘चराहरु आगो देखेर यसरी अनौठो स्वरले कराएका हुन् । को-कोलाई थाहा छ यो कुरा ?’ धेरै जनाले टाउको हल्लाए मात्र तर चुँक्क बोलेनन् ।

उनीहरुले ठाउँ-ठाउँका बाटा र बासहरुमा लाललसेनाले कोमिङताङ-युद्धसरदारहरु सँग मात्र लड्न परेन अपितु च्याङकाइशेक, जापानी आक्रमणकारी र स्थानीय जमिन्दारका सेना तथा दलालहरुसँग पनि निर्मतापूर्वक लड्न पऱ्यो ।

अग्ला अग्ला शिखर चढ्दा, ओर्लिदा, लामालामा झोलुङ्गे पुल र जगाँर तर्दा, दलदलमा हिँड्दा, हिउँ हुरी र असिनामा पिटिदा, मुशलधारे पानीमा रुझ्दा, अटप्य वन र झाडी पार गर्दा, ओढारमा बास बस्दा, जंगली हिम्स्रक पशुसँग जम्काभेट हुँदा, भोक र थकाइले लखतरान हुँदा, विमारी पर्दा, शत्रु सेनाको आक्रमणमा परेर घाइते र मरण हुँदा लाल सिपाहीहरुले कति कष्ट र विपत्ति पाए, ती दुःख र वेदनाका दिनहरुमा तिनले आफ्ना परिवारजनहरुलाई पनि नसंझिएका थिएनन् तर क्रान्ति र मुक्तिको ध्याउन्नाले गर्दा पुरुषार्थी सिपाही र कम्युनिष्ट पार्टीका सदस्य र अधिकारीहरु कहिल्यै विव्हल र विचलित भएनन् ।

‘लङमार्च’ चिनियाँ कम्युनिष्ट पार्टी तथा लालसेनाले चीनका किसान र श्रमिकहरुको मुक्ति र कल्याणको निम्ति जापान, कोमिन्ताङ, च्याङकाइशेक, स्थानीय युद्धसरदार, जमिनदार र शोषक आदि सबै शत्रुहरुको आक्रमणको विरुद्ध चलाइएको महाक्रान्ति थियो र यो १९४९ को चिनियाँ जनवादी क्रान्तिको मेरुदण्ड थियो । यो सर्वहारा वर्गको सर्वथा नौलो पहिलो सशस्त्र संघर्ष थियो । कम्युनिष्ट पार्टीले निर्माण गर्दैरहेका आधार क्षेत्रहरुलाई विनाश गरेर क्रान्तिको हत्या गर्न उद्दत च्याङकाइशेक र कोमिङताङविरुद्धको यो निष्ठुर सुनामी थियो ।

माओको कमाण्डिङ्मा केन्द्रीय नेतृत्व र लालसेनाले १ वर्षसम्म यो लङ्मार्च चलाएर, नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर वैदेशिक साम्राज्यवादको आक्रमणलाई पराजित मात्र गरेन, देशीय प्रतिक्रियावादी र सामन्तवादी उत्पीडिकहरुलाई समेत निस्तेज पारेर चीनलाई स्वाधीन, सम्पन्न र सभ्य बनाउनुको साथै चिनियाँ जनतालाई दास र पशु जीवनबाट मुक्त पार्ने काम गरियो ।

यो लङमार्चलाई सफल बनाउन भोक, दुर्वलता, र विमारका कठिन अवस्थाहरुमा पनि माओ राति ११ बजेसम्म दस्तावेज लेख्ने, पढ्ने, चिठी लेख्ने, पुस्तक पढ्ने, अरुबाट रिपोर्टिङ सुन्ने, दिनभरिको कार्य मूल्याङकन गर्ने, पछिका कार्य-योजना बनाउने आदि कामकुरा पार्टीको स्थानीय र केन्द्रीय पदाधिकारी र सदस्यहरुसँग मिलेर सम्पन्न गर्थे ।

> **माओ जनतासाग मालसामान सित्तै मा लिदैनथे । उनलाई चढ्न भनी घोडा दिइएमा गाह्रोमानी लिन्थे र बीचबाटोबाटै फर्काइदिन्थे । अर्दली र अ रक्षकहरुलाई विरामी हुादा आफ्नो ओछ्यानमा सुताउथे, तिनलाई घरबिदा दिन्थे । तिनीहरु उदास देखिएमा के भयो भनेर सोध्थे ।**

माओको स्वास्थ्य गतिलो थिएन । विमारी पर्दा उनी डाक्टर उपलब्ध भए पनि स्वास्थ्यकर्मीद्वारा उपचार लिन्थे र डाक्टरलाई लालसेनाको उपचारार्थ पठाउँथे । पौष्टिक र स्वस्थकर खाना खान पाउँदैनथे, बासी भात पनि खाने गर्थे । कति दिन सुख्खा खाना खाएर गुजारा गरे । उनी मासु, खुसार्नी, भुटेको भटमास र चाम्रे मन पराउँथे, अझ चाम्रे खान पाए प्रफुल्ल भएर हाँस्थे । उनको पानी राख्ने थर्मस पुरानो थियो । कतिपल्ट अङ्गरक्षकले ‘नयाँ ल्याउँछु’ भन्दा पनि माओले अस्वीकार गरे । सैनिक पोशाकसहित उनका ३ जोर कपडा थिए । पत्लुङ च्यातिएको हुन्थ्यो । सातखल्तीवाला एउटा झोला थियो । एउटा भाँचिएको छाता थियो । प्रायः च्यातिएका जुत्ता लगाउँथे । तन्ना र कम्मल १-१ मात्र हुन्थे ।

माओका अर्दली र अङ्गरक्षकहरुले राम्रो खाना खानुहोस्, राम्रो लुगा लगाउनुहोस्, तिनको व्यवस्था हामी गर्छौं भन्दा माओ हाँसेर भन्ने गर्थे- ‘सामान्य जनताले जे खान्छन्, जस्तो लगाउँछन् त्यस्तै गर्नुपर्छ ।’

माओ जनतासँग मालसामान सित्तैमा लिदैनथे । उनलाई चढ्न भनी घोडा दिइएमा गाह्रोमानी लिन्थे र बीचबाटोबाटै फर्काइदिन्थे । अर्दली र अङ्गरक्षकहरुलाई विरामी हुँदा आफ्नो ओछ्यानमा सुताउँथे, तिनलाई घरबिदा दिन्थे । तिनीहरु उदास देखिएमा के भयो भनेर सोध्थे । माया गरेर धाप मार्थे, मुसार्थे । त्यसो भएर होला फङले दुनियामा माओभन्दा मेरो असल मान्छे अर्को छैन भनेका थिए ।

माओ लङमार्चमा हिंडदा जनतामा अभूतपूर्व आत्मिक र उदात्त सहायोग पाए । उनले हार्दिक स्वागत मात्र पाएनन्, भारी बोक्ने भरिया, सुत्नको लागि ढोकाको पलेटा, जाडोमा तातो पानी, चढ्नको लागि घोडा, पुराना तर लगाउन हुने कपडा सबै पाए । उनले लालसेनामा भर्ती हुन उमेर पुगेका युवाहरु पनि पाए । हे जातिको बसोबास क्षेत्रमा पुग्दा उनले लाल सेनाको अपार स्वागत पाए तर माओको भान्छाका कुकरले कोदोको परिकार बनाएर खान नजान्दा तिनले खसीको मासु खाएरै गुजारा गरे ।

माओको टीम लङमार्चको क्रममा ११ औ प्रान्त शेन्सी पुग्दा केन्द्रीय लालसेना र माओको टीमको भव्य स्वागत गरियो । उक्त स्वागतमा चाउएनलाई सहित अन्य वरिष्ठ नेताहरु सामेल थिए । शेन्सीका जनताले पनि हर्षध्वनीका साथ लालसेनालाई हार्दिक स्वागत गरे । शेन्सी पुगेपछि लालसेनाले १ सालभरिको थकाइ मेट्यो । लालसेना, जनता, अध्यक्ष माओ, उनको टीम वीचको पारस्परिक प्रेम र त्याग ‘भरि गाग्रीको पानी छचल्किए झैं छचल्किएको’ थियो र त्यहाँबाट खसेको पानीले चीन देशको माटो निथ्रुक्क भिजेको थियो ।

मैले माओ त्सेतुङलाई आधा शताब्दी अगाडिदेखि पढ्दै आएता पनि उनको सर्वहारा जीवन शैली र उनको हृदयमा अन्तर्निहित प्रेमलाई पूर्णतः बुझ्न सकेको थिइनँ । अरुसित मेरो जस्तो अनुभव छ कि छैन, प्रष्ट भन्न नसके पनि अनुमान लगाउन भने सक्छु ।

यसो अवलोकन गर्दा ... बाँकी ६ पेजमा

◆ झर्रोटर्रो — कैलुब्राह

## कार्कीको सावित्ति बयान

श्रीमान् महोदय !

आज म तपाईंको इजलासमा आफै उपस्थित भएको छु । खासमा मेरो यहाँ आउने मनसाय थिएन र म आउनु पर्ने ठाउँ पनि यो थिएन । तपाइँहरूले अचाक्लीसँग मेरो खेदो खनेको हुनाले म यहाँ आउनु पर्ने बाध्यता आइलाग्यो । सकेसम्म म यहाँ तपाइँहरूलाई विवादमा पार्न चाहन्नथेँ । त्यसैले तपाइँहरूले मेरा नाममा तामेल गरेको म्याद नबुझेको हुँ । तपाइँहरूलाई सजिलो पार्नका लागि नै म विदेश गएर म्याद बुझ्ने समय टाल्न खोजेको थिएँ । मैले आफैँ म्याद नबुझेपछि तपाइँहरूले कुरा बुझ्नु पर्थ्यो । यसका पछाडि धेरै ठूलो कारण छ भनेर, तर तपाइँहरूले कुरा बुझ्नु भएन । या त बुझ पचाएर मेरो पिछा गरेर खेदो खन्नु भयो । म अचम्ममा परेको छु । मैले नेपालको नियम, कानून, संविधान वगेराबगेरा मान्नु जरुरी छैन । किनकि म नेपालका कुनै नेता वा तपाइँहरू कसैको आशिर्वादले यो पदमा पुगेको होइन । त्यसैले मैले तपाइँहरू कसैको आदेश मान्नु जरुरी पनि छैन । म विशेष प्रकारको धातुले बनेको मान्छे हुँ । कम्निस्हरूले भन्ने गर्छन् नि हामी विशेष धातुले बनेका हौँ भनेर, त्यस्तै म झनै अनौठो धातुले बनेको मानिस हुँ । मलाई नेपालको कुनै नियम, कानून र संविधानले छुँदैन । तपाइँहरूले ठान्नु भएको होला कि म अख्तियारको मान्छे हुँ, त्यसो होइन । म अख्तियारको होइन, अख्तियार मेरो हो । तपाइँहरू भ्रममा हुनुहुन्छ । त्यसैले मेरा विरुद्ध गफ गर्ने अखाडामा महाअभियोगको प्रस्ताव ल्याउनु भयो र यता सर्वोच्चालयमा पनि मुद्दा चलाउनु भयो । यो तपाइँहरूले महाभूल गर्नु भयो । यसले अब महाभूकम्प ल्याउनेवाला छ, हेर्दै जानुहोला । यो भूकम्पले ककसलाई ढलाउँछ । गफ गर्ने अखडा र सर्वोच्च भन्दा त अख्तियार ठूलो हो नि । मैले चाहेँ भने ठूलठूला माछालाई पनि अख्तियार दुरूपयोग गरेको आरोप लगाउन र भ्रष्टाचारको मुद्दा लगाएर ठिँगुऱ्याउन सक्छु र मुद्दा लगाइदिन सक्छु । त्यो काम गर्न म बाहेक सर्वोच्च होस् अथवा गफाडी थलो र सरकार होस् कसैले पनि सक्दैन । मलाई अख्तियारको प्रमुख बनाउँदा प्रभुको आदेस पालना गरेर ठूला दलका ठूला नेताहरूले गुन लगाएको हुनाले मैले उनीहरूलाई ठूला माछा भनेर छोडेको थिएँ । मलाई यी पत्रकार भन्नेहरूले साना माछा मात्रै पकडिस् ठूला माछा छोडिस् भनेर कम्ता खेदो खने । त्यो पीडा पनि सहेर मैले ठूला माछालाई छोडेको थिएँ । तर आज मलाई नै यसरी खेदेर निकै दुःख दिए ।

श्रीमान् ज्यू !

यतिखेर मेरा विरुद्धमा गफ गर्ने अखडामा महाअभियोगको मुद्दा हालिएको छ । यता सर्वोचलयमा मेरो योग्यताका बारेमा मुद्दा हालिएको छ । एउटै मान्छेलाई उता र यता दुईतिर किन मुद्दा हालेको ? मेरो योग्यता जाँच्ने र मेरा गल्ती कोट्याउने तपाइँहरू को हो ? कानून भनेको त सोझासिधा, गरिब, निमुखा र कमजोर मान्छेहरूका लागि पो बनाइएको हुन्छ । ठूलाठालु र अझ म जस्ता प्रभुहरूको दूत जस्ता मान्छेका लागि कानून, नियम र संविधानले ठटाउन खोज्ने ? यो सोह्रैआना गल्ती काम गर्दै हुनुहुन्छ तपाइँहरू । म भन्दै छु प्रभुहरूले हात अघि बढाउनु भन्दा पहिला नै तपाइँहरूले पुनर्विचार गर्नुस् । मेरा विरुद्धका मुद्दामामिलाको लफडामा नफस्नुस् । आआफ्नो जागिरको बारेमा चिन्ता गर्नुस् ।

म पदमा आउने र छोड्ने कुरा तपाइँहरूको आदेश र नियमले हुने कुरा होइन । प्रभुले विशेष जिम्मेवारी दिएर पठाएकाले त्यो विशेष काम अझै पूरा हुन सकेको छैन । बिचैमा छोडेर जान मलाई मिल्दैन । प्रभुले फिर्ता नबोलाउँदासम्म कसैका बाउको दाल गल्नेवाला छैन । मेरो पावर कति छ भन्ने कुरा त सुप्रिमोलाई सोध्नुहोला । उहाँले सभामुख महोदयलाई आदेश दिएर मेरा विरुद्धको मुद्दाका बारेमा बहस गर्नै रोक्नु पऱ्यो । म विदेश भएका बखत गफाडी अखडामा हालेको मुद्दाका बारेमा बहस गर्ने योजना म देशाँ फर्खने बित्तिकै रोक्नु पऱ्यो । सुप्रिमो र उखानप्रसादले आफ्ना ठिटाशरूलाई उकासेर मेरा विरुद्ध मुद्दा हाल्न लगाए, अहिले कट्टुमा तुर्क्याउँदै काँपेर तालु सुकाउने अवस्था सिर्जना भएको छ । हेर्दै जाऊँ अझ केके हुन्छ ।

अहिले त मेरा पक्षमा गुजराती भैयाका दूत नै लागि परेर यी मुद्दामामिलालाई ढिसमिस पार्न कुदारेकुद गरेका छन् । यो कुरा प्रभुहरू आफैँले निर्देशन गर्नु पऱ्यो भने तपाइँहरूको हविगत के होला ? ठूला दलहरू यथावत अवस्थामै रहौँला भन्ने नसोचे हुन्छ । चारतारेमा त खैलाबैला सुरु भैसक्यो । अब सूर्यवालामा पनि खैलाबैला सुरु हुन्छ । त्यसपछि सुप्रिमोको हालत के हुने हो आफैँ थाहा हुन्छ । पहिला कट्वालेले जागिरबाट हात धुन पठाए, अहिले मेरा कारण हात धुनुपर्ला नि ख्याल गरे हुन्छ ।

म अख्तियारमा आउँदाखेरी ठूला माछा र मेरा बिचमा जेन्टिलमेन एग्रिमेन्ट भएको थियो । मैले उनीहरूलाई नछुने र उनीहरूले पनि मेरो काममा दखल नगर्ने । आज उनीहरूले सम्झौता तोडे । अब म पनि छोड्नेवाला छैन । हिजका दिनमा मैले उनीहरूलाई बचाउन धेरै कोशिस गरेको हुँ । अब म बचाउन सक्तिन । प्रभुको इच्छा के हुन्छ त्यसैअनुसार निर्णय हुन्छ ।

वर्गीय समाजमा सबै कुरा वर्गीय हुन्छ भन्ने कुरा आज वर्गका वकालत गर्नेहरूले नै विर्सेजस्तो छ । नेपालका ठूला माछाहरू र हामी एउटै वर्गका भएका छौँ । हिज क्रान्तिकालमा सर्वहारा वर्गका कुरा गर्नेहरू पनि अहिले सत्ताका चास्नीको स्वाद लिएपछि हाम्रै वर्गमा रूपान्तरण भएका छन् । चाहे झापाली साथीहरू होउन, चाहे गोर्खाली, रोल्पाली वा नाराणीवासी होउन् । सबै एउटै समूहमा छौँ । एउटै समूहमा आएपछि आफ्नै वर्गका विरुद्धमा यत्रो अन्तरघात गर्ने ? यो सह्य कुरो नै होइन । जजसले मेरो समर्थन गरेर प्रभुहरूको आदेश पालना गर्न लम्पसार भएका थिए, आज तिनीहरू कसरी पानी माथि ओभानो हुन सक्छन् ? हिज मलाई के भनेर ठिक भने, आज के भनेर बेठिक भन्न खोज्दै छन् ? म पनि हेरौँला । यो त ट्रेलर मात्रै हो वास्तिविक फिलिम त अब सुरु हुन्छ । अब लाग्ने फिलिमले ककसको चिलिम फकिन्छ हेर्दै जाउँ । मेरो बयान यत्ति हो बाँकी लेनादेना पछि गरौँला । जय प्रभु ।

kailubraha73@gmail.com

# आईएसमाथिको आक्रमण र आतंकवादको समाधान

केशरमणि कटुवाल

आज विश्व कुनै न कुनै प्रकारको आतंकवादको छायाँमा पर्दै आएको छ। विश्वमा यतिबेला मुख्यतः वैधानिक आतंकवाद र त्यसविरुद्धको प्रतिआतंकवादबीचको संघर्षमा संसारका करोडौं मानिसहरु पिसोलिएका छन्। यतिबेला इराकको राजधानी बगदादपछिको दोस्रो ठूलो सहर मोसुललाई आफ्नो नियन्त्रणमा लिन इराकी सेनाले कारबाही तिब्र पारेको छ । सन् २०१४ देखि नै चरमपन्थी संगठन आईएसको नियन्त्रणमा रहेको मोसुललाई नियन्त्रणमा लिन कस्सिएको इराकी सेना नजिकैको काराकोशसम्म पुगेको छ । बाहिरी रुपमा आईएसविरुद्ध यतिबेला इराक र अमेरिकी सैनिक परिचालित भएको देखिएपनि यो लडाईमा विश्वका ५ दर्जनभन्दा बढी राष्ट्रहरु कुनै न कुनै रुपमा आईएसविरुद्धको लडाईमा होमिएका छन् । पत्रकारको हत्या, फ्रान्स, जर्मनी, बेल्जियम, टर्कीलगायतका देशमा ठूलो हताहती हुनेगरी गरेको आक्रमण, नियन्त्रणमा लिएका बन्दीहरुको चरम यातनापछि हत्या, इराक र सिरियाको ठूलो क्षेत्रमा महिलाहरुलाई यौन दासको रुपमा प्रयोगलगायतका गतिविधिले आईएसविरुद्ध आक्रमणको वातावरण बनायो ।

कुनै सयम अमेरिकाका लागि प्रमुख दुस्मन थिए, अलकायदा प्रमुख ओसामा बिन लादेन । उनको २ मे, २०११ मा सफाया गरेपछि अमेरिकाले आनन्द महसुस गरेको थियो । तर, त्यसको केही वर्ष पनि बित्न नपाउँदै इस्लामिक स्टेट अफ इराक एण्ड अल शाम (सिरिया) अर्थात आईएसआईएस अमेरिकाका लागि त्यो भन्दा पनि खतरनाक बनेर निस्कियो । आईएसका नेता इब्राहिम अवाद इब्राहिम अल बद्री अर्थात अबु बकर अल बगदादी तिनै व्यक्ति हुन् जसलाई अमेरिकाले सन् २००४ को फेब्रुअरीदेखि डिसेम्बरसम्म अमेरिकाले हिरासतमा राखेर सामान्य मान्छे सम्झेर रिहा गरिदिएको थियो । आईएसभित्र खलिफा इब्राहिमका नामले परिचित बग्दादी वर्तमान विश्वमा सबैभन्दा धनी, शक्तिशाली क्रुर चरमपन्थी संगठनको नेतृत्व गरिरहेका छन् । आईएसले सन् २०१४ मा इराक र सिरियाको ठूलो क्षेत्रलाई आफ्नो कब्जामा लिएर हिंसात्मक गतिविधिसहित आफ्ना क्रियाकलापलाई अघि बढायो । आईएसले सुरुमा इराक र सिरियामा गरेका हिंसात्मक गतिविधिले विश्वको ध्यान आफूतिर तान्न सफल भयो । तर उसको आन्तरिक रणनीति भने इराक र सिरियामा पश्चिमाको ध्यान केन्द्रित गरी विश्वका अन्य मुस्लिम देशमा आफ्नो गतिविधि बढाउनु थियो, जसमा आईएस सफल भयो । सन् २०१५ मा नै अमेरिकास्थित 'इन्सिटच्युसन फर दी स्टडी अफ वार' (आइएसडब्ल्यु) का तर्फबाट हर्लिन ग्याम्भिरले 'आइएसआइको विश्व रणनीति : एक युद्धखेल' नामक प्रतिवेदन तयार पार्दै आईएसको प्रभाव विश्वव्यापीरुपमा बढिरहेकाले अमेरिकाले उसविरुद्धको लडाइँको रुप बदल्नुपर्ने सुझाव दिएकी थिइन् ।

हर्लिनले त्यसबेला नै सिरिया र इराकमा अमेरिकाको ध्यान तानेर आईएसले अन्य देशमा प्रभाव बढाइरहेको निश्कर्ष निकालेको केही महिनापछि नै आईएसले फ्रान्सको पेरिसमा आक्रमण गरेपछि उसको प्रभाव युरोपमा फैलिसकेको प्रमाणित भयो । अमेरिका तथा संयुक्त सेनाले इराक र सिरियामा कारबाही सुरु गरेपछि उनको निशाना युरोप र अमेरिका हुन पुग्यो । आईएसले पछिल्ला दुई वर्षमा एसिया, युरोप र अमेरिकाका दर्जनौं स्थानमा घातक हमला गरिसकेको छ । सन् २०१४ को जुन महिनादेखि मात्रै बाहिरी चर्चामा आएको आईएसले अहिले दर्जनौ देशमा आफ्नो सञ्जाल विस्तार गरिसकेको छ । आफ्ना गतिविधिलाई तिब्र रुपमा पश्चिमा शक्तिविरुद्ध केन्द्रित गर्न थालेपछि संसारभरी नै आईएस के हो र यसको नेतृत्व कसले गरिरहेको छ भन्ने बारेमा चासो बढेर गएको हो ।

तालिबान, अलकायदा, आईएस, बोको हराम, अल नुसरा फ्रन्टलगायत थुप्रै इस्लामिक चरमपन्थी संगठन यतिबेला आफ्ना हिंसात्मक गतिविधिमा सक्रिय छन् । अफगानिस्तानमा तालिबान शासन ढलिसकेको छ । लादेनको हत्यापछि अलकायदा त्यतिधेरै प्रभावकारी देखिएको छैन । तर, कुनै समय अलकायदामै रहेको अबु बकर अल बगदादीको आईएस भने यतिबेला ठूलो चुनौती बनेर खडा भएको छ । सेप्टेम्बर ११ मा अमेरिकाको ट्विन टावर र पेन्टागनमा आक्रमण गर्दा अमेरिका जति असुरक्षित थियो र उसका अघि चुनौती मडारिएको देखिएको थियो । आज त्यो भन्दा बढी चुनौती उसका सामुन्ने छ ।

को हुन बगदादी ?

आईएस प्रमुख अबु बकर अल बगदादीको अनुहार कस्तो छ भन्ने लामो समय सार्वजनिक भएन । सन् २०११ सम्म लिखित भाषण सार्वजनिक हुने उनको सन् २०१३ मा अडियो सन्देश बाहिर आएको थियो । खलिफा इब्राहिमका नामले आईएस समर्थकले चिन्ने बगदादीलाई पैगम्बर महम्मदका बंशजका रुपमा उनका समर्थकले लिने गर्छन। आइएसका प्रमुख बगदादीले इराकको बगदादस्थित सद्दाम इस्लामिक विश्वविद्यालयबाट इस्लामी संस्कृति, इतिहास, सरिया र न्यायशास्त्रमा विद्यावारिधि गरेका छन् । सुरुमा उनले मस्जिदमा धार्मिक शिक्षा दिने काम गर्दथे । ओसामा बिन लादेन भन्दा बढी शिक्षित भएका कारण पनि उनलाई उसका समर्थकले लादेनभन्दा बढी सम्मान गर्छन । सन् २००३ मा अमेरिकाले इराकमा रासायनिक हतियार रहेको भन्दै सद्दाम हुसेनको सत्तामाथि धावा बोलेपछि बगदादीले आफ्ना समर्थक र सहयोगीसहित जैस अहल अल सुन्नाह वा-अल जमात (जेजेएएसजे) गठन गरेका थिए । उनी सन् २००४ मा अमेरिकी सैनिकको हिरासतमा समेत परेका थिए । तर उनलाई अमेरिकी सेनाले करिब ११ महिना हिरासतमा राखेर रिहा गरेको थियो ।



सुरुमा बगदादमा सक्रिय रहेको उनको यो समूहको नाम सन् २००६ मा परिवर्तन गरेर मजलिस सुरा अल-मुजाहिद्दिन राखे र यसले अल कायदासँग बफादार रहने कसम खादै अलकायदामा मिसियो । त्यसपछि पुनः यसको नाम परिवर्तन गरेर इस्लामिक स्टेट अफ इराक एण्ड अल शाम (सिरिया) अर्थात आईएसआईएस बनाइयो । बगदादी यसका सर्वोच्च सल्लाहकार परिषदमा चयन भए । यसका प्रमुख नेता अब अमर अल बगदादीको सन् २०१० अप्रिलमा मृत्यु भएपछि उनी आईएसको प्रमुख बनेका हुन् । इराक र सिरियाको ठूलो क्षेत्रलाई आफ्नो नियन्त्रणमा लिन सफल भएका उनको पटक पटक अमेरिकी आक्रमणमा मारिएको समाचार बाहिर आउने गर्दथ्यो । तर, उनी अझै पनि इराक र सिरियाका विभिन्न क्षेत्रमा घुमेर रहने गरेका छन् ।

के हो आईएस ?

इस्लामिक स्टेट (आईएस) सन् २०१४ मा औपचारिक रुपमा निर्माण भएको जिहादी सुन्नी सैन्य समूह हो। इराक र सिरियाको ठूलो क्षेत्रलाई नियन्त्रणमा लिएको यो समूहको नाम अरबी भाषामा 'अल दौलदुल इस्लामिया फिल इराक वल शाम' अर्थात इराक र शामको इस्लामी राज्य भन्ने हुन्छ । शाम सिरियाको प्राचीन नाम हो । आईएसआईएस नामबाट यस संगठनको गठन सन् २०१३ मा भएको थियो। कुनै समयमा अलकायदामा मिसिएको यो संगठन हाल छुट्टै चरमपन्थी संगठनको रुपमा रहेको छ र यो अलकायदा भन्दा बलियो र क्रुर संगठन मानिन्छ ।

अबु बकर अल बगदादी नेतृत्वमा आएदेखि नै आईएसले अलकायदाबाट अलग रुपमा आफूलाई राख्दै आएको छ । संसारको सबैभन्दा धनी आतंकवादी संगठन मानिने आईएसको घोषित लक्ष्य विश्वका अधिकांश मुस्लिम क्षेत्रमा आफ्नो सिधा राजनीतिक नियन्त्रण कायम गर्नु हो । २९ जुन २०१४ मा बगदादीले यसको नाम औपचारिक रुपमा इस्लामिक स्टेट राखेका हुन् । छोटकरीमा यसलाई आईएस वा आईएसआईका नामले चिनिन्छ । यसको एउटै उद्देश्य भनेको मुस्लिमहरुको अलग्गै इस्लामिक राज्य घोषणा गर्नु हो । सोही अनुसार उनीहरुले पश्चिमी प्रजातन्त्रलाई अमान्य भन्दै समग्र अरबलाई पश्चिमी प्रभावबाट मुक्त गराउन भन्दै हिंसात्मक क्रियाकलाप गर्दै आइरहेका छन् । अन्तराष्ट्रिय सीमा रेखा नमान्ने घोषणा गर्दै उनीहरुले इराक र सिरियाको ठूलो क्षेत्रलाई एक ठाउँमा राखेर इस्लामिक राज्यको घोषणा गरेका हुन् ।

को को गए आईएसमा ?

सन् २००३ मा अमेरिकाले इराकमाथि आक्रमण गरी सद्दाम हुसेनको शासनलाई तहस नहस पार्‍यो । त्यस आक्रमणमा थुप्रै इराकी सैनिक मारिए । सद्दामको रक्षाका लागि इराकी सेना अन्तिम समयसम्म पनि प्रयत्नशील रहेको थियो । सद्दामलाई आफ्नो शासनको अन्त्यपछि सैनिकहरुलाई अब आफूलाई छाडेर जान निर्देशन दिएपनि सद्दामप्रति बफादार सेनाले अन्तिम सयमसम्म नै साथ दिइरहे । इराक आक्रमणको समय नै आईएसको सुरुवाती चरण हो । आईएसको नेतृत्वमा पनि हाल मुख्य गरी दुई प्रकारका मानिसहरु छन् । ति हुन्, पहिलो सन् २००३ मा अमेरिकाविरुद्ध लडाई लडेका मुजाहिद्दिन । अफगानिस्तानको पर्वतीय क्षेत्रमा तालिम लिएका उनीहरुले इराक आक्रमणको समयमा अमेरिका विरुद्ध लड्नका लागि हजारौं टन हतियार जुटाएका थिए

दोस्रो, आइएसको नेतृत्वमा पुग्ने ती व्यक्तिहरु छन्, जो सद्दामको बाथ पार्टीमा थिए । ठूला हतियार चलाउन पोख्त र युद्धकलामा निपूर्ण सद्दामका अधिकारीहरु अहिले आईएसमा सामेल छन्। लामो संघर्षका क्रममा आईएसले सन् २००८ देखि २०११ को बिचमा थुप्रै सद्दामका सैनिक अधिकारीहरुलाई आफ्नो प्रभावमा ल्याउन सफल भएपछि उसले सन् २०१० देखि नै गुरिल्ला युद्ध र सन् २०१३ देखि नियमित सेनाको विकास गर्न सफल भयो । इराकका बगदादी आईएसको प्रमुख रहेका छन् भने सिरियाली युद्धको नेतृत्व गरिरहेका अबु मुस्लिम अल-तुर्कमानी दोस्रो स्तरका नेता । तुर्कमानी सद्दाम हुसेनका पालामा इराकी सेनाका लेफ्टिनेन्ट कर्णेल तथा विशेष फोर्स कमाण्डर थिए । यस्तै सिरियामा आईएसको नेतृत्व तहमा रहेका डेपुटी कमाण्डर अल-अनबरी पनि इराकी सेनाका पूर्व अधिकारी हुन्। यसरी इराक आक्रमणबाट आईएस जन्मिनमा महत्वपूर्ण मलजल प्राप्त भयो । इराकी सेनाका युद्धकौशल जानेका सैनिक अधिकारी पनि आईएसमा सामेल हुन पुगे । जसले गर्दा उसलाई सैनिक कला र नियमित सैनिक खडा गर्नमा ठूलो सहयोग पुग्यो । सूचना प्रवाह तथा प्राविधिक ज्ञानका हिसाबले पनि निकै अघि रहेको आईएसको आफ्ने 'अमाक' नामको वेबसाईट सञ्चालनमा छ । आईएसले आइटी ग्रुपको पेन्टागनको वेबसाइट समेत ह्याक गर्नुले उनीहरुको उनीहरु अमेरिकाका लागि आईटीमा समेत चुनौती बन्ने गरेका छन् ।

राजधानी बगदादपछिको दोस्रो ठूलो सहर मोसुललाई उनीहरुले आफ्नो गढक्षेत्रका रुपमा सन् २०१४ देखि नै प्रयोग गर्दै आइरहेका छन्। मोसुलका अस्पतालहरुमा आईएसका घाइते लडाकुको उपचार गरिन्छ भने त्यहाँ अन्य सर्वसाधारण र खासगरी अमेरिकी आक्रमणबाट पीडित बनेकाको निःशुल्क उपचार र अप्रेसन हुने गर्दछ। आईएसको कब्जामा रहेको क्षेत्रमा अस्पताल, शिक्षा र सार्वजनिक यातायात निशुल्क छ भने गरिबलाई घर बनाउन रकम वितरण गर्नुका साथै आईएसकै लडाकुहरुले अमेरिकासँगको लडाईमा क्षतिग्रस्त बनेका मानिसका घर समेत मर्मत गरेका रिपोर्टहरुमा देखिन्छ ।

कसले जन्मायो आईएस ?

अमेरिकी राष्ट्रपति निर्वाचनमा रिपब्लिकन पार्टीका उम्मेदवार डोनाल्ड ट्रम्पले आफ्नो चुनाबी प्रचार अभियानका क्रममा वर्तमान राष्ट्रपति बाराक ओबामा र प्रतिस्पर्धी हिलारी क्लिन्टनलाई आईएसको संस्थापक भएको आरोप लगाएका थिए । भलै आईएसको सुरुवात ओबामाको पालमा भएपनि यसका लागि पृष्ठभूमिको निर्माण रिपब्लिकन पार्टीबाटै राष्ट्रपति भएका जर्ज डब्लु बुसकै पालामा भएको मानिन्छ । बुसकै नेतृत्वमा इराक आक्रमण भयो र इराकमा अन्त्यहीन दुःखको सुरुवात पनि । इराक, सिरिया र अफगानिस्तानमा समेत अमेरिकी सेनाको आईएससँग पटक पटक भिडन्त हुने गरेको छ। तर, लामो समयदेखि कडा मेहनत गर्दा पनि अमेरिकी सेनाले आईएसको कब्जामा रहेका क्षेत्रलाई फर्काउन सकेको छैन । के संसारबाट आतंकवादको अन्त्य सम्भव छ ? छ भने कहिले र छैन भने किन ? कुनै समय दमनबाट नै जन्मिएको तालिबानले अफगानिस्तानमा शासन चलायो र दमनबाट नै शासनबाट बाहिरियो । यतिमात्र होइन अहिले पनि तालिबानको बिगबिगी कायमै छ । खर्बपति बाबुका छोरा ओसामा बिन लादेन मुस्लिम माथिको अपमानकै कारण कट्टरपन्थी मुस्लिम संगठन निर्माणमा लागे । सद्दाम हुसेनको शासनमाथि अमेरिकी आक्रमणबाटै सुरु भएको इस्लामिक स्टेट (आईएस) का कारण संसारमा एउटा अन्त्यहीन हैरानीको सुरुआत भएको छ । के आतंकवादी जन्माउनमा अमेरिका र पश्चिमा शक्तिको हात छैन ? मुस्लिम देख्नेवित्तिकै आतंकवादी देख्ने नजर यसमा जिम्मेवार छैन र ? भारतले मुस्लिम राष्ट्र पाकिस्तानमाथि आतंकवादी राष्ट्रको आरोप लगाउँदै आएको छ र कास्मिरमा स्वतन्त्रता माग्ने मुस्लिम समुदायलाई आतंकवादीको नाममा कारबाही चलाउँदै आएको छ । के यस्तै दमनबाट आतंकवाद जन्मिने होइन ? अहिले हामीले संसारमा जसलाई आतंकवादी देखिरहेका छौं, तिनीहरुबाट सिर्जित आतंकवाद पश्चिमा आतंकवादबाट सिर्जित प्रतिआतंकवादको रुपमा बुझ्न यी प्रमाण काफी छन् ।

कुनै समय सद्दाम हुसेनले पनि अरब एकताको नारा दिएका थिए। तर उनको दुःखद अन्त्य भइसकेको छ। आज इस्लामिक स्टेटले पनि अरब र मुस्लिम एकताको कुरा उठाएको छ । मध्यपूर्वको संकटको फौजी समाधान खोज्ने प्रयत्न नै भएको छ। आज सिरियामा होस् या यमनमा, प्यालेस्टाइन होस् या लेबनानमा। अरब राष्ट्रको संकट समाधानका लागि फौजी रणनीति प्रयोग गरिएका छन् । संकट समाधानका नाममा हुने अमेरिकी तथा पश्चिमा हस्तक्षेपका कारण करोडौं जनताले दुःख पाउनुपर्ने अवस्था सिर्जना भएको छ । लोकतन्त्रको फगत नारामा सबैलाई आतंकवादी देख्ने पश्चिमा दृष्टिकोण आईएस जन्माउनमा कति जिम्मेवार छ र पश्चिमा शक्तिले कहिले सम्म युद्धको व्यापार गर्ने हो, बहस आवश्यक छ।

के हो समाधान ?

सैनिक हस्तक्षेप कुनै समस्याको समाधान होइन भन्ने कुरा घटनाक्रमबाट पुष्टि हुन्छ । आज अफगानिस्तानमा आक्रमणको १५ वर्ष र इराक आक्रमणको १३ वर्ष सम्म पनि किन शान्ति आउन सकेन ? जसले आफूलाई प्रजातन्त्रको ठूलो हिमायती ठान्दछ किन उसकै कारण युद्ध निम्तिरहेको छ । आज अरब राष्ट्रदेखि दक्षिण एसियासम्म नै लोकतन्त्रका हिमायतीकै कारण यद्ध निम्तिएको छ । के उनीहरुको एजेण्डामा सहीछाप लगाउनु लोकतन्त्र हो ? निरंकुशताको अन्त्य गरिएको भनिएको लिबिया र इजिप्टमा खोई लोकतन्त्र, निरंकुशताभित्र जकडिएको भनिएको उत्तर कोरियाभित्र किन हुदैनन् आत्मघाती हमला, इराक र अफगानिस्तानमा कहाँ गयो शान्ति ? के यसले पश्चिमा लोकतन्त्रलाई कुरीकुरी गर्दैन ? वास्तममा संसारका धेरै मानिसले पश्चिमा लोकतन्त्रका कारण जीवन गुमाइसकेका छन् भने लाखौं अझै नारकीय जीवन विताउन बाध्य छन्।

अन्त्यमा, लोकतन्त्रका नाममा युद्धको व्यापार र अन्य राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेपले विश्व अशान्त बनेको छ। विश्वमा जबजब कम्युनिष्ट शासन असफल बन्छ त्यहाँ साम्राज्यवादी एजेण्डा सजिलै घुस्ने गर्छन । रुसमा कम्युनिष्टहरुको पतनककै कारण सोभियन युनियन ढल्न पुग्यो, इराकमा बाथ पार्टीलाई असफल बनाउनकै लागि कुर्दहरुलाई हतियार बाँडियो । आज सिरियामा हतियार बाँडेर अमेरिकाले त्यसकै परीक्षण गरिरहेको छ। पश्चिमा लोकतन्त्रको नारामा राष्ट्रिय आत्मसमर्पणवादीले मुन्टो उठाउँदा तेस्रो विश्वका मुलुकहरु पश्चिमाको प्रयोगशाला बनिरहेका छन् । यसको अन्त्य, आतंकवाद अन्त्यको सुरुआत हो ।

शुभकामना !
हाम्रा सम्पूर्ण सेवाग्राहीमा शुभदीपावली तथा छठ पर्व-२०७३ को हार्दिक मंगलमय शुभकामना
प्रो. बलराम सुवेदी
प्रविधि उत्थान इन्जिनियरिङ केन्द्र
हेटौडा-११, थानाभर्‍याङ, मकवानपुर

# जनसाहित्यमा इतिहास बोध

■ मनोहर लामिछाने

**पृष्ठभूमि**

साहित्य र राजनीति भिन्न पाटा बताउँदै साहित्यमा राजनीतिक गन्ध देखिनसहने साहित्यकारले विशुद्ध साहित्यका नाममा समाजको लामो कालखण्डमा विभिन्न प्रकारका भ्रमजाल पैदा गर्दै आएको पाइन्छ । तथापि, समाज रूपान्तरणका क्रममा देखिएका विभिन्न कालखण्डमा उदाएका स्रष्टाले सिर्जना गर्ने साहित्यमा आफ्नो वर्ग र सत्ताको पहरेदारी गरेको पाइन्छ । जसरी समाजलाई बुझ्ने र बुझाउने आमदृष्टिकोणमा भिन्न विचार वा दृष्टिकोण रहेको छ त्यसरी नै साहित्यलाई बुझ्ने र बुझाउने एवं परिभाषित गर्ने सवालमा पनि पृथक् सोचाइ रहेको पाइन्छ । लामो समयदेखि समाजमा रहेको वर्गसंघर्षले निर्माण गरेको विचार, मूल्य-मान्यता, राजनीति र आस्थालाई साहित्यमार्फत वर्गीय पक्षधरता व्यक्त गर्न पुग्दा देखिने विचार वा दृष्टिकोणमा साहित्यकारमा विविधता देखिन पुग्छ । जो स्वाभाविकै हो । यहाँ जनसाहित्य भनेको के हो ? जनसाहित्यको सिर्जना किन आवश्यक छ ? जनसाहित्यकारले कसरी इतिहास बोध गर्नुपर्छ ? जनसाहित्यले समाज रूपान्तरणका लागि कसरी महत्वपूर्ण योगदान दिन सक्छ भन्नेबारे सामान्य चर्चा गर्ने जमर्को गरिएको छ ।

**जनसाहित्य**

सामान्य बुझाइमा जनताका लागि लेखिने साहित्य नै जनसाहित्य हो । जनता को हुन् ? प्रश्न जटिल र विशाल छ । जनतालाई बुझ्ने दृष्टिकोणमा विविधता रहेको पाइन्छ । एकथरी भन्ने गर्छन्, सम्बन्धित देशको भूभागमा रहने सबै नागरिक जनता हुन् । सतहीमा हेर्दा यो कथन सत्यजस्तै देखिए पनि यो भनाइ पूर्ण सत्य भने होइन । थोरै मानिसले धर्म, संस्कार, संस्कृति समेतलाई राज्यसत्ताको आड लिएर विभिन्न भ्रमजाल फैलाउँदै बहुसंख्यक जनतालाई विविध शोषण गरेका हुन्छन् । धेरैले धेरैलाई कथित मानवताको नाममा भ्रमजाल पैदा गर्दै शोषण गर्ने प्रारुप तयार पार्ने हुँदा जनताभित्र सबै जनता समेटिन सक्दैनन् । थोरै टाठाबाठा राज्यसंयन्त्रमा तर मार्ने र तिनकै दलालबाहेक श्रमजीवी बहुसंख्यक जनता नै वास्तविक जनतामा पर्छन् । तिनीहरूको जीवनसंघर्ष, त्याग बलिदान र मुक्तिका लागि संगठित हुन प्रेरणा दिने साहित्य नै जनसाहित्य बन्न पुग्छ । ऐतिहासिक वर्गसंघर्षरूपी यात्रालाई सचेतपूर्ण रूपले चिर्दै बुर्जुवा सुधारवादीहरूका काला एवं कुटिल कर्तुतलाई जनतासामु नंग्याउँदै वास्तविकता बोध गराउन बहुसंख्यक जनताको पक्षमा लेखिने साहित्यलाई जनसाहित्य भनिन्छ । जनसाहित्यमा बहुसंख्यक श्रमजीवी, गरिब किसान, मजदुर, श्रम-पसिना बगाउने भूमिहीन किसान र तिनका पक्षधरको मुक्तिका लागि हुने वर्गीय द्वन्द्व र वर्गीय संघर्षको परिणाम बहुसंख्यक जनताको मुक्ति र उनीहरूको वर्ग सत्ताको स्थापना गर्न ऊर्जा प्राप्त हुनसक्ने तागत वा क्षमता लुकेको साहित्य नै जनसाहित्य हो ।

**जनसाहित्य सिर्जनाको उद्देश्य**

माथि उल्लेख गरिएअनुरूप समाजको एउटा ठूलो वर्ग राज्यबाट उपेक्षित छ । राज्यका विभिन्न निकायबाट जनताकै नाममा सीमित वर्गले बहुसंख्यक जनताको शोषण गरेको पाइन्छ । समाजमा आएको परिवर्तनसँगै परम्परागत शोषणका रूप फेरिने गर्छन् । जसरी समाज र जनतालाई बुझ्ने दृष्टिकोणमा विविधता आउँछ त्यसरी नै साहित्य लेखनमा वा सिर्जनामा पनि जीवन, जगत् वा विश्व ब्रह्माण्ड तथा परिवर्तन गर्दै समुन्नत बनाउने कुरामा आएको विचार वा दृष्टिकोणलाई जनताका पक्षधरले साहित्यमार्फत सिर्जनात्मक भनाइ व्यक्त गर्दा सुन्दर भावना पैदा हुन पुग्छ । जुन सिर्जनाले लामो समयदेखिको शोषण, उत्पीडनको वास्तविकताको बोध मात्र हुँदैन, त्यसको उन्मुक्ति समेतको पथप्रदर्शन गर्न पुग्छ । मानिसलाई धर्मको नाममा संस्कृति वा प्रथा परम्पराको नाममा कसरी लामो कालखण्डमा विभिन्न भ्रमजाल सिर्जना गर्दै एउटा विशाल जनसंख्यालाई गुलामी गर्न बाध्य पारिनुका पृष्ठभूमिमा रहेका तमाम अवैज्ञानिक पद्धति र परम्परागत राज्यशक्तिले कसरी नागरिकलाई अन्धकारमा राखेर उनीहरूको नाममा उनीहरूलाई नै ठगिरहेको छ त्यसको यथार्थता मात्र जानकारी दिने होइन, आफूमाथिका अन्याय शोषणको उन्मुक्तिका लागि वास्तविकताको बोध गराउनु जनसाहित्यको उद्देश्य रहेको पाइन्छ ।

> **जसरी समाज र जनतालाई बुझ्ने दृष्टिकोणमा विविधता आउँछ त्यसरी नै साहित्य लेखनमा वा सिर्जनामा पनि जीवन, जगत् वा विश्व ब्रह्माण्ड तथा परिवर्तन गर्दै समुन्नत बनाउने कुरामा आएको विचार वा दृष्टिकोणलाई जनताका पक्षधरले साहित्यमार्फत सिर्जनात्मक भनाइ व्यक्त गर्दा सुन्दर भावना पैदा**

**जनसाहित्यले इतिहास बोधः** राजनीति जनताका लागि जनताले नै गर्ने हो । विश्व इतिहासको रंगमञ्चमा वर्तमानसम्म आइपुग्दा थुप्रै प्रयोग भइसकेका छन् । साम्राजवादी शक्तिसम्पन्न राज्य तथा विश्वका उत्पीडनमा बाँचेका राज्यभित्रका अन्तरविरोध प्रशस्त मात्रामा जीवित रहेकै छन् । साम्राज्यवादी, विस्तारवादी राज्यले विश्वलाई आफ्नो अनुयायी बनाउन वा आफ्नो पक्षको प्रभुत्व स्वीकार गर्न बाध्य पारिँदै विश्वका विभिन्न देशमा आ-आफ्ना पक्षका समर्थकका झुण्ड निर्माण गरिरहेका छन् । यसै बीचमा पनि विश्वका शोषित, पीडित जनताको मुक्तिका लागि विभिन्न स्थान, देशमा भएका मुक्ति युद्धमा जनताको विजयका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमै सहयोग र समर्थन भइरहेको पाइन्छ । यसरी वर्ग कित्ता विभाजित वर्तमानमा साहित्य पनि वर्गीय हुने कुरामा निर्विकल्प छ । वर्गीय मुक्तिका लागि आफ्नो जीवन उत्सर्ग गर्ने एउटा त्यागी संघर्षरत वर्गलाई आफ्ना राष्ट्रिय र अन्तर्राष्ट्रिय ख्वामितहरूबाट परिचालित वर्गले विभिन्न कालखण्डमा दिग्भ्रमित पार्ने कार्य गरिरहेको हुन्छ । वर्तमानसम्मको वर्गसंघर्षको इतिहासलाई सही दिशामा बढ्न नदिन दक्षिणपन्थी, सुधारवादी नवसंशोधनवादीले विभिन्न तर्क-कुतर्क दिँदै समाजमा दिग्भ्रमित पारिरहन्छन् । यस्तो अवस्थामा जनसाहित्यकारले दृढसंकल्पित हुँदै इतिहासको बोध हुन नसकेर, नजानेर वा नबुझेर जनसाहित्यको नाममा घुमाइ-फिराइ जनताको विपक्षमा आफ्ना सिर्जनामार्फत जनतालाई झुक्याइरहेको पाइन्छ । वर्तमानमा नेपालको सन्दर्भमा पनि वर्गसंघर्षमा रत्तिभर विश्वास नगर्ने सुधारवादी, नवसंशोधनवादीले आफूलाई जनसाहित्यकारको नाममा प्रस्तुत गरे पनि उनीहरूले अन्टसन्टको उदाहरण दिँदै वर्गसंघर्ष, बल प्रयोगको सिद्धान्त, सर्वहारा वर्गको अधिनायकत्व स्विकार्न यो या त्यो बहानामा हिचकिचाउँछन् । अतः समयको बोध, जनताको उन्मुक्ति, शोषणविहीन समाजको परिकल्पना त्यो साहित्यकारले मात्र कलम चलाउन सक्छ जसले इतिहासको वास्तविक बोध गर्दै वर्ग दुस्मनको पहिचान गर्दै वास्तविक जनताका लागि साहित्य सिर्जना गर्न सकोस् ।

**जनसाहित्यले समाज रूपान्तरण**

समाज निर्माणको लामो शृंखलामा पछि परेको मानव समुदाय राज्यका विविध सुविधाबाट वञ्चित हुनको कारण र वर्तमानसम्म पनि पूर्ण मानवको स्थान प्राप्त हुन नसक्नु खेदपूर्ण नियति हो । मानव पूर्ण मानवमै जिउन नसक्नुको तीतोसत्यलाई वैज्ञानिक पद्धतिले विश्लेषण गर्दा मात्र धर्म, संस्कार, जीवन र जगत्लाई हेर्ने दृष्टिकोण राज्यको शासन प्रणाली, समाज रूपान्तरणका अवयवहरूको चिरफार गर्न सकिने भएको हुँदा जनसाहित्यले नवीन विचार प्रवाह गर्न सक्षम हुँदै समाजलाई रूपान्तरण गर्न मद्दत गर्दछ । जुन साहित्यले वास्तविक यथार्थको जानकारी दिँदै जनताका सुख-दुःखमा साथ दिँदै जनतालाई वर्गीय माया प्रेमको भावना पैदा गर्दै वर्गीय मुक्तिका लागि संगठित हुन प्रेरणा दिन्छ त्यस्तो साहित्यको सिर्जनाले समाज रूपान्तरण गर्न सहयोग गर्छ । जुन साहित्यले सामाजिक कर्तव्यको बोध गर्दैल्याएको परिवर्तन बहुसंख्यक जनताको हितमा हुन्छ, त्यस्तो सिर्जना समाज रूपान्तरणका लागि प्रेरणा बन्न पुग्छ । राष्ट्रिय स्वाधीनता र वर्ग मुक्तिका लागि हुने वर्गसंघर्षलाई तोडमोड गरी शिथिल पार्ने वा ढाकछोप गर्ने जस्ता कार्यलाई भण्डाफोर गर्दै जनताको मुक्तिका लागि प्रतिबद्ध कुशल स्रष्टाले जनसाहित्यमार्फत समाज रूपान्तरण गर्न सक्छ ।

**उपसंहार** :जनताको पक्षमा लेखिने साहित्य नै जनसाहित्य हो । अन्य क्षेत्रजस्तै साहित्यमा पनि विभिन्न दृष्टिकोण पाइन्छ । साहित्य मनोरञ्जनका लागि, आनन्दका लागि हुनुपर्छ र राजनीतिदेखि टाढा रहनुपर्छ । साहित्यमा राजनीति गन्ध कदापि आउनु हुँदैन । साहित्य र राजनीतिक पाटा पृथक् भएका जस्ता विभिन्न तर्क-वितर्क नभएका होइनन् । समाज निर्माणको लामो कालखण्डमा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण नै समाज बुझ्ने/बुझाउने वैज्ञानिक दर्शन मान्नेहरूले जनतालाई जागरुक बनाउन यथार्थवादी दृष्टिकोणअनुरूप समाजको सत्य-तथ्य बाहिर ल्याउने मात्र होइन, समाज परिवर्तनको संवाहकको भूमिका जनसाहित्यले निर्वाह गर्न सक्छ । जनताका लेखकहरूले जनतालाई मुक्तिका लागि अग्रसर बनाउन प्रेरणा दिने साहित्य नै जनसाहित्य हो । जनताका साहित्यकारले समय बोध गर्दै श्रमजीवी वर्गको वास्तविकता थाहा पाउँदैनन् र विविधखाले शोषण अन्त्य गर्नका लागि जनसाहित्य सबैको साहित्य बन्न सक्छ ।

## माओको महान...

माओसरहको सर्वहारा जीवनशैली भएका कमरेड वा कम्युनिष्ट पाउँदिन तर उनको चिन्तन र व्यवहारका कुनै-कुनै लक्षणहरु भएका कम्युनिष्ट भने पाउँछु तर कम्युनिष्ट पार्टीका नेताहरु न 'सरह'का पाउँछु न ' लक्षण'हरु भएका । माओवादी कम्युनिष्ट पार्टी र त्यसका नेताहरुमा माओका सर्वहारा जीवनशैली चिन्तन र व्यवहार किन प्रादुर्भाव भएन ? माओवादी बनेर तिनीहरु किन अमाओवादी पार्टी र नेता बन्छन् ? तिनलाई आफू र आफ्नो पार्टीलाई माओवादी भनाउने अख्तियार कहाँबाट मिल्यो ? कुन वेलासम्म तिनले आफू र आफ्नो पार्टीलाई माओवादी भनिरहने छन् ? तिनीहरु आफू माओको जीवनशैली, चिन्तन र व्यवहार विमुख भएर पनि माओवादी हुँ भनेर कहिलेसम्म भ्रम दिइरहन सक्छन् ? यो खडेरी कहिलेसम्म ?

माओवादी बनेर संसदवादको दलदलमा घाँटीघाँटीसम्म गढेर, माओवादी भनेर सशस्त्र सङ्घर्षका कुरा दस्तावेजमा मात्र लेखेर, माओवादी भनेर जनयुद्ध जस्ता दुईचारओटा कब्जा, बन्द र चन्दाका 'ढडिया' थापेर, माओवादी भनेर आक्कलझुक्कल मिडियामा आई आत्मवञ्चना देखाएर सच्चा माओवादी भइने हो र !

दलदलमा गढ्ने र गढिहाले, भीरको डिलैमा जाने गाईलाई रामराम भन्न सकिन्छ, आँफू भीरमा झुण्डिएर काँध थाप्न सकिन्न तर दलदलको टाढै उभिनेहरुले 'चिनिया लङमार्च' गरेर 'नयाँ जनवादको ब्याड' बनाउन नसके पनि 'नेपाली लङमार्च' गरेर 'नयाँ जनवादको बीउ राख्ने ब्याडे गरो' जोत्न त सकिन्छ नि !

नेपाली हुनान, शेन्शी र क्वाङतुङ प्रान्तहरुका गरिब, जनजाति, दलित आदि किसान र श्रमिकहरुका घरदैलोमा उर्जाशील र उत्साही नेपाली युवा-युवातीहरुलाई पठाई तिनमा व्याप्त विपन्नता, रोग, अशिक्षा, अज्ञानता, न्यूनीकरण गर्न सकिन्न ? तिनीहरुलाई उठ्न र फुक्न, हाँस्न र नाँच्न नदिने, आफूहरु मात्र हाँस्ने र नाँच्ने र तिनका भागहरु खोसी खाने, तिनका सीप र पसिना खाने 'ब्लटिनपेपरहरु' लाई च्यात्न सकिन्न ? तिनलाई उद्यम र काम सिकाएर तिनकै गोडामा उभ्याउन सकिन्न ? यस्तो नेपाली लङमार्च चलाएर नयाँ जनवादको जग हालन सकिन्न ? माओले आफ्नो टीमका अङ्गरक्षक, अर्दली, भान्छे, स्वास्थ्यकर्मी, लालसेना, श्रमिक तथा किसान आदि सबैलाई र यी सबैले माओलाई गरेको उदात्त र निर्मल प्रेमजस्तो प्रेम गर्न सकिन्न ? यो पारस्परिक प्रेमको निम्ति उनीहरुले जस्तो 'कृतज्ञता' आदानप्रदान गर्न सकिन्न ?

यो उच्च र उदात्त प्रेम र कृतज्ञताको चुम्बकले विदेशी तातो र चिसो भूमिमा पसिना बहाउन विवश उमेरदार र उर्जावान युवा-युवातीहरुलाई तानी नेपाली लङमार्चमा ल्याएर नयाँ जनवादको शिलान्यास गर्न सकिन्न ? नेताहरुले आफूलाई बदलेर आँट र योजना गरे, जनताहरुले पुऱ्याउनेछन्

## राष्ट्रिय स्वाधीनता ...

हेर्दा भारत ठूल्दाइ होइन माइल्दाइको ठाउँमा देखापर्दछ । त्यसले एकातिर ठूला शक्तिहरुका सामू आत्मसमर्पणवादी र अर्कोतिर आफूभन्दा कमजोर मुलुकहरुमाथि उत्पीडकको भूमिका निर्वाह गरेको पाइन्छ । भारतीय शासक वर्गद्वारा खेलिएको यस प्रकारको भूमिकाको विरोधमा दक्षिण एसियाकै अन्य देश र स्वयम् भारतमा पनि प्रगतिशील शक्तिहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यी कुरामाथि हामीले विशेष ध्यान दिन जरुरी छ ।

हामीले चाहे उत्तर होस् वा दक्षिण वा अन्य कुनै मुलुकसित पञ्चशील तथा असंलग्न परराष्ट्रनीतिका स्थापित मान्यता अनुसारको सम्बन्ध कायम गर्नेबारे विशेष ध्यानदिन आवश्यक छ । हामीले कसैसित सिमाना जोडिएको कारणले वा भूपरिवेष्ठित अवस्थामा रहनु पर्नाको बाध्यताले कुनै ठूल्दाइ र माइल्दाइसित त्वम् शरणम् गर्नै पर्छ भन्ने छैन । विश्वमा हामी मात्र होइन अरु पनि भूपरिवेष्ठित अवस्थामा रहेका र सिमा जोडिएका कैयौं मुलुकहरु छन् । तर, तिनले कसैलाई ठूल्दाइ वा माइल्दाइ स्थापना गरेको आज हामीले देखेका छैनौं ।

हालै एक वाम राजनीतिक अर्थशास्त्रीले भनेका छन्- आज तेस्रो विश्वका विभिन्न देशहरुको शासन सत्तामा नवदलालहरुको वर्चश्व बढ्दै गएको छ । हो, नेपालको दैनिक आर्थिक जीवन र सिंगो अर्थतन्त्रमा विचौलियाहरु भनौं वा नव दलालहरुको वर्चश्व बढ्दै गएको छ । राष्ट्रघातका मामिलाहरुमा पनि नवदलालहरुले ठूलठूला कीर्तिमान कायम गर्दै गइरहेका छन् । हामीले भन्दै आएका ठूल्लाइ वा माइल्दाइ पनि कसैका दलाल नै हुन् र यसरी हेर्दा नेपाली सत्ताधारीहरु त दलालका पनि दलाल बन्न गएका छन् । यो इतिहासको ठूलो बिडम्वना हो । आज देशको राष्ट्रिय स्वाधीनताको खतरा तिव्र वेगमा बढ्दै गएको छ । भारतीय विस्तारवादद्वारा देशका सिमास्तम्भ सारिँदै छन्, सिमा क्षेत्र मिचिएको मिचियै छन् । दशगजा क्षेत्रमा बाँध बाँधेर नेपाललाई डुबानमा पारिएको छ । नेपालका नदी नाला प्रायशः दक्षिणतिर सुम्पिइसकिएका छन् । अरु त परै जाओस् अति सजिलो र सस्तो माथिल्लो कर्णालीलाई निर्यातमुखी परियोजनाका रुपमा नेपाललाई अलिकति पनि फाइदा नहुने हिसाबले भारतलाई दिइएको छ । सुरक्षाको प्रश्नमा दक्षिणले आफूलाई एकलौटी मालिक ठान्दै आएको छ । परराष्ट्र मामिलामा पनि हालत खराब बनिसक्यो । सरकारका झिना मसिना आन्तरिक काममा पनि हस्तक्षेपको प्रक्रिया तीव्र बनाउँदै लगिएको छ । त्यत्तिमात्र होइन, भूमण्डलीकृत साम्राज्यवाद र त्यसको नवउदारवादी आर्थिक नीतिको कारण नेपालमा उदारीकरण तथा निजीकरणको प्रक्रिया तीव्र रुपमा अगाडि बढिरहेकोछ । देशको राष्ट्रिय अर्थतन्त्रको क्षेत्रमा गम्भीर प्रश्नचिन्ह खडा भएको छ । यी सबै कुरामाथि ध्यानदिंदा अब देशको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न निकै खतरनाक मोडमा पुगेको देखिन्छ ।

हालै भारतको गोवामा सम्पन्न ब्रिक्सको सम्मेलनमा बिमस्टेकलाई पनि आमन्त्रित गरी समावेश गरिएको छ । ब्रिक्समा ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सम्मिलत छन् । त्यसैगरी बिमस्टेकमा बङ्गलादेश, भारत, थाइल्याण्ड, म्यानमार, श्रीलंका, नेपाल र भूटान रहेका छन् । ब्रिक्स एक ध्रुवीय विश्व व्यवस्थाको विरोधमा उभिन खोजेको एउटा अर्को ध्रुव हो । ब्रिक्स सम्मेलनमा औपचारिक अनौपचारिक कैयौं कुरा भए र त्यसको घोषणापत्र पनि जारी भइसकेको छ । त्यसको विश्लेषण तर्फ यहाँ न लागौं । तर पनि त्यस प्रक्रियामा चर्चामा आएको नेपाल, चीन र भारतका प्रमुख नेताहरुका बिचको "त्रिपक्षीय सहमति" को कुरा उल्लेखनीय रहेको छ । यहाँनेर ध्यानदिन योग्य कुरा के छ भने त्यस भेटबारे "त्रिदेशीय सहमति" को हल्ला चल्ने बित्तिकै भारतका पक्षबाट त्यसको खण्डन गरिएको छ र नेपालबाट त्यसलाई सुखद तथा दुर्लभ संयोग बताइएको छ । यसरी हेर्दा वस्तुतः भारत नेपालसित त्रिदेशीय सहमति होइन "विशेष सम्बन्ध" नै राख्न चाहन्छ भन्ने कुराको थप पुष्टि हुन गएको छ ।

यो बेला हामीले राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्नमा विशेष ध्यानदिन जरुरी छ । सच्चा देशभक्त, प्रगतिशील र वामपन्थी शक्तिहरु विशेष गम्भीर तथा एकढिक्का बनेर विभिन्न प्रकारका संघर्षका कार्यक्रमहरु सम्पन्न गर्दै जान अपरिहार्य बनेकोछ । यस निम्ति वैदेशिक प्रतिक्रियावादको भण्डाफोर र देशभित्रैका दलालहरुका विरुद्ध सशक्त संघर्ष चलाउन आवश्यक छ । देशको राष्ट्रिय स्वाधीनताको रक्षाका लागि संघर्ष बाहेक अर्को विकल्प छैन ।

## कविता

### सिलगुढी पुग्दा



■ इन्दिरा अधिकारी

*मेची नदीलाई पार गर्दै*
*नियाल्दा*
*मनै चसक्क घोच्यो*
*सिलगुढी पुग्दा*
*लाग्थ्यो*
*कोठीमा बेचिएकी चेली*
*बिडम्बना पनि कस्तो*
*एउटै आमाका सन्तानलाई*
*दुष्टले छुट्याएको जस्तो*
*बचाउ बचाउ भन्दै*
*चिच्याएको*
*बलिन्द्र आँसुका धारा*
*बगिरहेको आभाष हुन्थ्यो*
*लुटिनबाट जोगिन*
*आफ्नै सन्तान दर सन्तानको*
*बाटो कुर्दा कुर्दै*
*आँखा बन्द गर्न बिर्सिएको*
*अस्तित्व जोगाउन*
*लडिरहँदा*
*थाकेर शरीर गलेर*
*जमिनमा ढलेजस्तो*
*दुष्टको पञ्जाबाट*
*छुटकारा पाउने आशामा*
*पानी सुकेर आँखाको*
*गला नै भासिएको*
*फुलेको सेतै कपाल*
*आफ्नै वंशलाई*
*धिक्कार्दै गाली गर्दै*
*आभाष हुन्थ्यो लडिरहेको*
*देखिन्थ्यो झिनो लिएको आशा*
*सुधार गर्ने सम्बन्ध बिग्रिएको*
*वीर गोर्खालीका सन्तानहरु*
*आगोसरि दन्किएको*
*आफ्नो हो भन्ने लाग्छ भने*
*राष्ट्रप्रेमीहरु जाग्नुपर्छ*
*लुटिनबाट सीमा जोगाउन*
*देशभक्तहरु जुट्नुपर्छ*
*मान सम्मान र प्रतिष्ठा*
*इज्जत पहिचान बचाउन*
*प्राणको आहुती दिनै परे पनि*
*दिनुहुन्न टिष्टालाई मेचीमा मिसाउन*



### आमा

■ सोनाम सज्जन किराती

*एकछिन रहेछ त्यो*
*युद्ध रेडिमेड त्यो*
*क्यामेराले सो गरेको*
*टेलिभिजन च्यानलभित्र डिस्प्ले भइसकेपछि*
*स्खलित अस्तित्व लुट्ने पुरुष*
*र जोगाउन खोज्ने नारी*
*जो नारी हार्छिन्*
*र युद्ध जितेको पुरुषार्थ*
*त्यो लोग्नेहरुले पाउछ*
*मेरो देश र भारतबीचको दुरी छ*
*दुई किनारमा विभक्त*
*मेरो देश साँच्चै नारी बनेर*
*सिर्जना फुलाउन चाहन्छ*
*त्यो देशले यो जवानी*
*देखेर लुटिरहेछ*
*विगत च्यात्दै हामी*
*भनीरहेछौं*
*अस्तित्व बचाउन निम्ति*
*त्यो सताहाविरुद्ध*
*उभिने कोशिस*
*अरुले रोज्न र खोज्न सिकाएन*
*तर हाम्री आमा*
*जुधिरहेछिन्*
*वीरताको सगरमाथा उमारेर*

# यस्तो छ राष्ट्रघाती २५ बुँदे .....

बीचमा रहेको निकट तथा मैत्रीपूर्ण सम्बन्धलाई उजागर गरेका छन् । भारतका प्रधानमन्त्रीले नेपालका प्रधानमन्त्रीलाई आफ्नो निमन्त्रणा स्वीकार्नु भएकोमा धन्यवाद दिंदै अगष्ट २०१६ मा कार्यभार सम्हालेपछि गर्नुभएको पहिलो विदेश भ्रमणमा भारतमा न्यानो स्वागत गर्नुभयो। उहाँले यस भ्रमणले नेपाली र भारतीय जनतावीच रहेको वर्षौंदेखिको भाइचारापूर्ण सम्बन्धलाई झन बलियो तुल्याउने र दुई देशबीचका बहुआयामीक सहयोगलाई विस्तार गर्न मद्दत गर्ने बताउनु भयो । दुई देशको बीचको निकट र सौहार्दपूर्ण सम्बन्धलाई अझ गहिरो बनाउन आवश्यक पर्ने उच्चस्तरीय भ्रमणहरु गर्न अति नै महत्वपूर्ण रहन्छ भन्ने बिषयमा दुवै प्रधानमन्त्री सहमत हुनुभयो ।

४. नेपालका प्रधानमन्त्रीले आफ्ना भारतीय समकक्षीलाई भ्रमणको निम्तो दिनु भएकोमा र भारतमा आइपुगेपछि देखि नै आफू र आफ्नो प्रतिनिधि मण्डललाई न्यानो आतिथ्य प्रदान गर्नुभएकोमा धन्यवाद दिनुभयो। उहाँले आफ्नो भ्रमणले नेपाल भारतसँग रहेको असल छिमेकी सम्बन्धलाई नेपाल सरकारले कति महत्व दिन्छ भन्ने देखाएको बताउनुभयो । दुई मुलुक र त्यहाँका जनता समान संस्कृति र सभ्यतागत विश्वासमा आधारित पुरानो, गहिरो र जीवन्त मित्रताका हिस्सेदार रहेका छन्। पारस्परिक लाभ बढाउनका लागि विद्यमान संयन्त्रहरुलाई पुनर्ताजगी गर्दै, उहाँले नेपाल सरकारले धेरै पुरानो र बिशिष्ट (ग्लष्त्रगभ) सम्बन्धलाई नयाँ उचाइ दिनका लागि पारस्परिक सहयोग र साझेदारीका नयाँ नयाँ क्षेत्र खोज्न इच्छाएको कुरा व्यक्त गर्नुभयो ।

५. दुवै प्रधानमन्त्रीले द्विपक्षीय सहयोगका सम्पूर्ण पक्षहरुको सिंहावलोकन गर्दै दुवै मुलुकका जनताको पारस्परिक लाभका लागि सबै क्षेत्रमा द्विपक्षीय सहयोगको विस्तार गर्ने र त्यसलाई अझ गहिरो बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँहरुले द्विपक्षीय संस्थागत संयन्त्रहरुलाई नियमित रुपमा बैठक बस्न र तिनका निर्णयहरुलाई शीघ्रातिशिघ्र कार्यान्वयन गर्न निर्देशन दिनुभयो । दुवै पक्ष नेपाल-भारत संयुक्त आयोगको अर्को बैठक २०१६ मै गर्न मन्जुर भए ।

६. दुवै प्रधानमन्त्रीले उपक्षेत्रीय सहयोग प्रवर्द्धन गर्ने प्रक्रियामा भएको प्रगतिको जानकारी लिनुभयो र दुवै सरकारले खासगरी व्यापार, परिवहन, लाईनजडान (ऋयललभअतष्खष्तथ) र उर्जाको क्षेत्रमा यसलाई अझ अघि बढाउनुपर्छ भन्ने विषयमा सहमत हुनुभयो । उहाँहरुले सार्क र विमेस्टेकको फ्रेमवर्कभित्र रहेर क्षेत्रीय सहयोगलाई अघि बढाउनु महत्वपूर्ण हुनेमा जोड दिनुभयो ।

७. दुवै प्रधानमन्त्रीले नेपाल-भारत सम्बन्ध बारे प्रबुद्ध व्यक्तिहरुको समुहको जुलाई, २०१६ मा काठमाडौंमा सम्पन्न भएको पहिलो बैठकको जानकारी लिंदै यसले सघनरुपमा काम गर्नेछ, स्वतन्त्र दृष्टिकोणबाट भारत-नेपाल सम्बन्धलाई समग्रतामा हेर्नेछ र दुवै देशका बीचमा विधमान घनिष्ट र बहुआयामिक सम्बन्धलाई अझ विस्तार गर्न र सुदृढ तुल्याउन उपाय सुझाउनेछ भन्ने अपेक्षा गर्नुभयो ।

८. नेपालका प्रधानमन्त्रीले नेपालमा २०१५ अप्रिल २५ र १२ मे मा गएको विनाशकारी भूईचालोपछि भारतीय जनता र सरकारले प्रदान गरेको शिघ्र र व्यापक सहायताका लागि धन्यवाद दिनुभयो। उहाँले भुकम्पपछिको नेपालको पुनर्निर्माणका लागि भारत सरकारले प्रदान गरेको एक अरव अमेरिकी डलर बरावरको विशेष सहायता प्याकेजका लागि भारत सरकारप्रति कृतज्ञता व्यक्त गर्नुभयो।

९. भारतीय प्रधानमन्त्रीले नेपालमा भुकम्प पछिको पुनर्निर्माण परियोजनाहरुको संयोजन गर्ने राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना गरेकोमा स्वागत गर्नुभयो। दुवै प्रधानमन्त्रीहरु २०१६ को फेब्रुअरीमा हस्ताक्षेर गरिएको द्विपक्षीय समझदारी पत्रअनुरुप भुकम्पपछिको पुनर्निर्माणका लागि पहिचान गरिएका क्षेत्रहरुमा परस्पर सहमती भएका परियोजनाहरुको कार्यान्वयन गर्न यथाशिघ्र कारबाही थाल्नुपर्छ भन्ने कुरामा सहमत हुनुभयो । नेपाली पक्षको आग्रहमा भारतीय पक्ष नेपाल राष्ट्रिय पुननिर्माण प्राधिकरणलाई भारतीय प्राकृतिक विपद व्यावस्थापन प्राधिकरण मार्फत अनुभवको आदन प्रदान गर्न एवं क्षमता विकास लगायतका काममा सहयोग पुर्याउन सहमत भएको छ। घर पुननिर्माणका लागि प्रत्येक लाभग्राहीलाई दिईने नेरु तीन लाख अनुदान दिने नेपालको घोषित नीतिको सन्दर्भमा भारत सरकारले ५० हजार घरधनीलाई ने.रु. ३ लाख देखि ने.रु. ५ लाखसम्म योगदान वृद्धि गर्ने बताएको छ। यसका लागि भुकम्पपछिको पुनर्निर्माणका लागि छुट्याईएको ७५ करोड अमेरिकी डलरको एलओसीबाट नेपाल सरकारले ५ करोड अमेरिकी डलर झिक्नेछ ।

१०. नेपालका प्रधानमन्त्रीले भारतका प्रधानमन्त्रीसँग नेपालको विकासबारे चर्चा गर्नुभयो । उहाँले गतवर्ष संविधान जारी हुनु संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने ऐतिहासिक घटना भएको बताउनु भयो । उहाँले वर्तमान सरकारले नेपाली समाजका सबै शाखाहरुलाई प्रभावकारी ढंगले संविधान कार्यान्वयनको थलोमा ल्याउन गरेको प्रयासबारे पनि बताउनुभयो। नेपालमा भएको लोकतन्त्रको संस्थागत सुदृढीकरणको महत्वलाई सराहना गर्दै भारतीय प्रधानमन्त्रीले नेपाल सरकारले समाजका सबै तप्काहरुलाई संविधानको प्रभावकारी कार्यान्वयनको थलोमा ल्याउन गरेका प्रयासहरुको स्वागत गर्नुभयो । भारतीय प्रधानमन्त्रीले यस प्रयासमा नेपालका प्रधान मन्त्रीलाई सफलता मिलोस् भनी कामना गर्नुभयो । नेपालका प्रधानमन्त्रीले भारत सरकार र भारतीय जनतालाई नेपालको शान्तिप्रक्रियामा उनीहरुको सदिच्छा, सहयोग र ऐक्यबद्धताका लागि धन्यवाद दिनुभयो ।

११. दुवै प्रधानमन्त्रीले विकासोन्मुख मुलुकहरुलाई प्रभाव पार्ने, संयुक्त राष्ट्रसंघ तथा अरु अन्तराष्ट्रिय मञ्चहरुमा परस्पर निकट समन्वयमा रहेर काम गर्ने तथा संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय निकायहरुमा व्यापक सुधार गर्नुपर्ने लगायतका अन्य अन्तर्राष्ट्रिय विषयहरुमा दुई मुलुकका बीच समान धारणा रहेको विश्वास व्यक्त गर्नुभयो। नेपाल पक्षले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को स्थायी सदस्यको उम्मेदवारीलाई नेपालले समर्थन गर्ने कुरा दोहोर् याएको थियो ।

१२. दुवै प्रधानमन्त्रीले चालु प्रतिरक्षा तथा सुरक्षा सहयोग र हालै सम्पन्न गृहसचिवस्तरीय वार्ता र सुरक्षा विषयमा द्विपक्षीय परामर्शदाता समुहका बैठकबारे सन्तोष प्रकट गर्नुभयो । उहाँहरुले सिमानाका दुवै तर्फका जनतालाई आर्थिक अन्तर्क्रिया र मानिस र सामानको आवागमनलाई सहज तुल्याइरहेको र दुवै देशका बीचको सम्बन्धको बिशिष्ट (ग्लष्त्रगभ) चरित्र रहेको खुल्ला सिमाना अवाञ्छित तत्वबाट दुरुपयोग भएर सुरक्षा चुनौती खडा नहोस् भन्ने सुनिश्चित गर्नुपर्ने आवश्यकतावारे जोड दिनुभयो। दुवै पक्षले आ-आफ्नो भू-भागलाई एकअर्काविरुद्ध प्रयोग गर्न नदिने प्रतिबद्धता जनाए ।

१३. भारतीय प्रधानमन्त्रीले नेपाल र भारतका बीच अर्थ-सामाजिक, वैज्ञानिक र प्राविधिक विकासका लागि घनिष्ट साझेदारीलाई निरंतरता दिने भारतको प्रतिवद्धता रहेको व्यक्त गर्नुभयो। दुवै प्रधानमन्त्रीले अधिकृतहरुलाई द्विपक्षीय आर्थिक र विकास सहयोगका चालु परियोजनाहरुको प्रगतिको नजिकबाट अनुगमन गर्न, अड्चनहरुलाई सम्बोधन गर्न र तदारुकताका साथ तिनलाई समयवद्ध रुपमा सम्पन्न गर्न निर्देशन दिनुभयो । यस सन्दर्भमा दुवै पक्षले काठमाडौं स्थित राजदुतावास र नेपाल सरकारका बरिष्ठ अधिकारीहरु रहने गरी नियमित रुपमा चालु आर्थिक र विकास परियोजना कार्यान्वयन गरिरहेका निकाय/डेभलपरहरुसँगै बसेर प्रगतिको समीक्षा गर्ने र तिनको कार्यान्वयनमा तदारुकता अपनाउन आवश्यक कदम चाल्ने सुपरीवेक्षण संयन्त्र बनाउन मन्जुर भएका छन् ।

१४. दुवै प्रधानमन्त्रीले द्विपक्षीय व्यापारमा विस्तारै वृद्धि भइरहेकोमा सन्तोष व्यक्त गरेका छन् । नेपालका प्रधानमन्त्रीले नेपालको भारतसँगको बढ्दो व्यापारघाटाबारे चासो व्यक्त गर्नुभयो र नेपालको भारतमा गरिने निर्यातलाई बढाउन आवश्यक कदम चाल्नुपर्ने विषयमा जोड दिनुभयो। दुवै प्रधानमन्त्रीले व्यापार, पारवहन, अनधिकृत व्यापारको नियन्त्रणसम्बन्धी जुन, १०१६ मा भएको सचिवस्तरीय अन्तर-सरकारी समितिको बैठकका सफल निष्कर्षहरुबारे जानकारी लिनुभयो र अन्तर-सरकारी समितिले व्यापार पूर्वाधार र व्यापार सहजीकरणसँग सम्बन्धित द्विपक्षीय व्यापार बढाउने उपायहरुबारे छलफललाई निरन्तरता दिन सहमत हुनुभयो । सन्धिका प्रावधानहरुका सम्बन्धमा, उहाँहरु द्विपक्षीय व्यापार बढाउने लक्ष्यका साथ भारत र नेपालबीच भएको व्यापार सन्धि सन् २०१६ को अक्टोबरमा नवीकरण गर्न सहमत हुनुभयो। दुवै पक्ष थप हवाइ मार्गको अनुरोध लगायत हवाइ सेवाका विषयहरुमा नागरिक उड्ययन वार्ता गर्न सहमत भए ।

१५. दुवै प्रधानमन्त्रीले तराई सडक परियोजनाको पहिलो चरण अन्तर्गत कूल ७१ किमीका दुई सडकको निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएकोमा सन्तोष व्यक्त गर्नुभयो । दुवै प्रधानमन्त्रीले अधिकारीहरुलाई २०१६ को फ्रेबुअरीमा दुवै पक्ष सहमत भएको कार्यान्वयनको मोडालिटी अनुरुप हुलाकी सडक र फिडर रोड (तराई सडक)को तदारुकताका साथ निर्माणको काम सुरु गर्न र शिघ्रातिशिघ्र निर्माण सम्पन्न गर्न निर्देशन दिनुभयो ।

१६. दुवै प्रधानमन्त्रीले मानिस र सामानको छिटो छरितो गरी आवागमनलाई सहज बनाउनका लागि एकीकृत चेकपोष्टमा एकदमै छिटो पूर्वाधार विकासको आवश्यकता रहेकोमा जोड दिनुभयो । उहाँहरुले रक्सौल र जोगवनीमा एकीकृत चेकपोष्टको निर्माणमा भएको प्रगतिबारे सन्तोष प्रकट गर्नुभयो र रक्सौल-वीरगंज एकीकृत चेकपोष्ट परियोजना २०१६ डिसेम्बर महिनाभित्र सम्पन्न गर्ने उद्देश्यका साथ निर्माण कार्य तीव्र पार्ने गरी काम गर्नमा सहमत हुनुभयो । विराटनगरमा तत्कालै एकीकृत चेकपोष्ट निर्माण कार्य थाल्न र नेपालगंज र भैरहवामा एकीकृत चेकपोष्टका लागि विस्तृत इन्जिनियरिङ प्रतिवेदनलाई छिटो गर्ने निर्णय गरियो ।

१७. दुवै प्रधानमन्त्रीले चालु नेपाल-भारत सीमापार रेल-लिंक परियोजना: क) जयनगर-बिजलपूरा-बर्दिवास र ख) जोगवनी-विराटनगरको कार्यान्वयनको प्रगति समीक्षा गर्दै दुवै पक्ष परियोजनालाई छिटो सम्पन्न गराउन आवश्यक पर्ने उपाय खोज्न सहमत भएका छन् । नेपालतर्फ जग्गा अधिग्रहण कार्य थालनी गर्न सकियोस् भन्ने उद्देश्यले दुवै पक्ष अन्य तीनवटा नेपाल-भारत सीमापपार रेल लिंक परियोजना (नेपालगंज-नेपालगञ्ज रोड, काँकडभिट्टा-न्युजलपाइगुडी, भैरहवा-नौतनवा)को विकासको सहजीकरणका लागि कदम चाल्न सहमत भएका छन् ।

१८. दुवै प्रधानमन्त्रीले मुजफ्फरपुर-ढल्केवर ट्रान्समिसनलाई योजना गरिएमुताविक पूर्ण क्षमताकासाथ संचालन गर्नका लागि ढल्केवरमा सव स्टेशनको निर्माण कार्यमा ताकेता गर्न अधिकारीहरुलाई निर्देशन दिनुभयो। दुई देशका बीच विद्युत, जडान र विद्युत आपूर्तिका लागि १) कटैयादेखि कुशाहा र २) रक्सौलदेखि परवानीपुरसम्मको ट्रान्समिसन लाइनको र ग्रीडको निर्माण २०१६ को डिसेम्बर महिनाभित्र सक्ने निर्णय गरिएको छ। दुवै प्रधानमन्त्रीले दुवै देश सीमापार अन्तर-जडानका लागि सन् २०३५ सम्ममा गुरु योजना तयारी गर्ने र सन् २०२५ सम्म कार्ययोजना बनाउने काममा व्यस्त रहेकोमा सन्तोष व्यक्त गर्नुभयो ।

१९. दुवै प्रधानमन्त्रीले पञ्चेश्वर, उपल्लो कर्णाली र अरुण तेस्रो जस्ता मुख्य जलविद्युत परियोजनाको प्रगति समीक्षा गर्दै समयवद्ध रुपमा परियोजनाहरुको शीघ्रतिशीघ्र कार्यान्वयन गर्न र तिनको लाभलाई छिटोभन्दा छिटो जनतामा पुऱ्याउन सकियोस् भनेर संबोधन गर्नुपर्ने कतिपय विषय बारे जानकारी लिएका छन् । पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदनलाई शीघ्रतिशीघ्र अन्तिम रुप दिने निर्णय गरिएको छ। सन् २०१४ मा हस्ताक्षर गरिएको उर्जा व्यापार सम्झौतालाई कार्यरुप दिनका लागि उपाय खोज्न निरन्तर लागिपर्ने छन्। दुवै पक्ष छिटै आयोजना गरिने सचिवस्तरीय जलस्रोत सम्बन्धी संयुक्त समितिको बैठकमा अन्य ठूला परियोजनाका साथै डुवान, बाढी व्यावस्थापन र सिंचाई जस्ता जलस्रोत सहयोग सम्बन्धी सबै विषयहरुमा छलफल गर्न सहमत भएका छन् ।

२०. दुवै प्रधानमन्त्रीले अगष्ट २०१५ मा रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइनको निर्माण सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएकोमा स्वागत गर्दै चाँडोभन्दा चाँडो निर्माण कार्य थाल्न निर्देशन दिनुभएको छ ।

२१. दुवै प्रधानमन्त्रीले नेपालमा उर्जा पूर्वाधार र सडक विकासका लागि २५ करोड अमेरिकि डलर र १० करोड अमेरिकी डलर गरी दुई लाइनको ऋणको उपयोग गर्नेमा सन्तोष व्यक्त गरेका छन्। दुवै प्रधानमन्त्रीले सिंचाई परियोजनाका लागि २० करोड अमेरिकी डलर र एल.ओ.सी.को ५५ करोड अमेरिक डलरमध्ये महाकाली पुल र सडक विकासका लागि ३३ करोड अमेरिकी डलर विनियोजन गरेकोमा स्वागत गरेका छन् । दुवै पक्षले यी परियोजनाको छिटो कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गरेका छन्। भारतले नेपालको आग्रहमा हुलाकी राजमार्ग (दोस्रो चरण), बुटवल जोड्ने सिमापार ट्रान्समिसन लाईन, ढल्केवर र हेटौंडामा ४०० कि.मि. क्षमताका सवस्टेशन र कास्की जिल्लामा एक पोलिटेक्निकका लागि थप एक अर्को लाइनको ऋण दिन इच्छा व्यक्त गरेको छ ।

२२. दुवै प्रधानमन्त्रीले नेपालमा भारतीय संयुक्त लगानीका कार्यसम्पादन उपर सन्तोष प्रकट गर्दै नेपालमा विकासका प्राथमिकता अनुरुप बढी भारतीय लगानीलाई प्रवाहित गर्न आवश्यक रहेकोमा जोड दिए। उनीहरुले नेपाललाई लगानीकर्ताहरुका लागि सुरक्षित वातावरण र विदेशी लगानीको लागि आकर्षक गन्तव्य बनाउन आवश्यक रहेको कुरामा जोड दिएका छन् ।

२३. दुवै प्रधानमन्त्रीले पशुपति क्षेत्रमा एक धर्मशाला निर्माण शुरु गरिएकोमा स्वागत गरेका छन् । पशुपति क्षेत्र विकास कोष र 'आर्कियालोजिकल सर्भे अफ इन्डिया'बीच पशुपति क्षेत्रका सम्पदाहरुको पुनर्निर्माण र जिर्णोद्वार गर्ने सम्बन्धी भएको समझदारी पत्रलाई यथाशीघ्र अन्तिम रुप दिइने छ ।

२४. दुवै पक्षले पर्यटन र स्वास्थ्यमा आयुर्वेद पद्धतिका क्षेत्रमा अरु सहयोगको आवश्यकता रहेकोमा जोड दिएका छन्। यस सन्दर्भमा दुवै पक्षले बौद्धमार्गी र हिन्दु तीर्थयात्रीका लागि पर्यटन मार्गको विकास लगायत परम्परागत औषधी र पर्यटन सहयोमा समझदारी पत्रको पूरा कार्यान्वयनको लागि कदम चाल्नेछन्।

२५. नेपालका प्रधानमन्त्रीले भारतका प्रधानमन्त्रीलाई नेपालको औपचारिक भ्रमणका लागि निमन्त्रणा दिनुभयो। भारतका प्रधानमन्त्रीले सो निमन्त्रणा स्वीकार गर्नु भयो। भ्रमणको तिथी कूटनीतिक माध्यमबाट तोकिनेछ। *१ असोज २०७३*

## क्रान्तिकारी माओवादी बाग्लुङको गलकोट एरिया गठन

बाग्लुङ । नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला समिति बाग्लुङले गोविन्द परियारको संयोजकत्वमा ११ सदस्सीय गलकोट एरिया पार्टी गठन गरेको छ। कात्तिक १ र २ मा भएको भेलाले उपसंयोजकमा पूर्ण बहादुर गुरुङलाई चयन गरेको छ भने सदस्यहरुमा सुरेन्द्र पुन मगर, रुद्रसिंह श्रीसमगर, सन्तु घर्तिमगर, श्रीमती मनु गुरुङ, नरबहादुर विक, बीरबहादुर रोका, हर्क बहादर रोकामगर र किशोर घर्तिममगर रहेका छन्।

छमबहादुर घर्ति मगरले अध्यक्षता गरेको उक्त भेलाको संचालन सुरेन्द्र पुन मगरले गरेको थियो भने भेलालाई पूर्ण गुरुङले स्वागत गरेका थिए। भेलाको प्रमुख आतिथ्यता पार्टीका केन्द्रीय सदस्य तथा पूर्वी मगरातका सहइन्चार्ज धनेश्वर पोखरेलले गरेका थिए भने पार्टीका बाग्लुङ संयोजक ऋषिराम रोका मगरको विशिष्ट आतिथ्यता रहेको थियो । नवनिर्वाचित कमिटिलाई अम्मर भूमि गाउँ समितिका सहसंयोजक भूमिराज विक, अर्गल गाउँ समितिका संयोजक हर्कबहादुर रोकामगर, अन्तर्पार्टी महिला संजालकी सन्तु घर्तिमगर, दलित मुक्ति मोर्चाका नरबहादुर विक, जनजाति महासंघका गंगा गुरुङ, समाजसेवी तथा अर्गल गाउँ समिति सदस्य अमृत घर्ति मगर, गल्कोट एरिया इन्चार्ज गोविन्द परियार र प्रमुख अतिथी र विशिष्ट अतिथीले शुभकामना तथा पार्टीको वैचारिक तथा समसामयिक राजनीतिक विषयमा विचार राखेका थिए ।

## समाचार

### आदिवासी जनजाति महासंघले राष्ट्रिय भेला गर्ने

काठमाडौं । अखिल नेपाल आदिवासी जनजाति महासंघको राष्ट्रिय भेला मंसिर २५ र २६ मा हुने भएको छ। कात्तिक ४ गते नेकपा (क्रान्तिकारी माओवादी)को कार्यालय बुद्धनगरमा बसेको महासंघको बैठकले सो निर्णय गरेको हो। क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य' किरण'को उपस्थितिमा सम्पन्न बैठकले भेलालाई भव्य र प्रभावकारी बनाउन व्यवस्थापन, आर्थिक, स्वयम्सेवक, प्रचारप्रसार, प्रतिवेदन लेखन लगायतका उपसमितिहरु बनाएको छ।

देशैभरिबाट करिब पाँच सयको हाराहारीमा प्रतिनिधि पर्यवेक्षक जम्मा पार्ने तयारी गरेको महासंघले त्यस अगावै महासंघमा आवद्ध सबै जातीय मोर्चाहरु र जिल्ला महासंघहरुको भेलाहरु सम्पन्न गर्ने र राष्ट्रिय भेलाका लागि प्रतिनिधिहरु छनौट गर्ने निर्णय गरेको छ।

### तामाङ मोर्चाको राष्ट्रिय भेला मंसिरमा

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको दास्रो राष्ट्रिय भेला मंसिर १८ र १९ मा सम्पन्न हुने भएको छ। काठमाडौंमा हुने सो राष्ट्रिय भेला सफल पार्न मोर्चाले विभिन्न समितिहरु गठन गरेको छ।

कात्तिक ७ मा पार्टी कार्यालय बुद्धनगरमा बसेको मोर्चाको बैठकले उक्त निर्णय गरेको मोर्चाका संयोजक निमा दोर्जे लामाले बताए। बैठकले राष्ट्रिय भेला अगाडि सबै जिल्ला समितिहरुको भेला सम्पन्न गर्ने निर्णय गरेको छ। बैठकमा पार्टीका फ्र्याक्सन इन्चार्ज तथा पार्टी सचिवालय सदस्य राम आचार्य, अखिल नेपाल आदिवासी जनजाति महासंघका महासचिव नगेन्द्र राई, केन्द्रीय सदस्य तथा मोर्चाका सल्लाहकार फुर्नाम्ग्याल तामाङलगायत नेताहरुको उपस्थिति रहेको थियो।

### मगर मोर्चाको राष्ट्रिय भेला मंसिर ११–१२ गते

बुटबल । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपालको दोस्रो राष्ट्रिय भेला मंसिर ११ र १२ गते बुटवलमा हुंने भएको छ। मोर्चाको पाल्पा तानसेनमा सम्पन्न भएको बृहत मोर्चाको भेलाले बुटवलमा राष्ट्रिय भेला गर्ने निर्णय गरेको हो।

भेलाले राष्ट्रिय भेला सम्पन्न गर्न मोर्चाका संयोजक भीम श्रीसमगरको संयोजकत्वमा भेला मूल आयोजक समिति र विभिन्न उपसमितिहरु गठन गरिएको संयोजक श्रीसले जानकारी दिनुभयो। राष्ट्रिय भेलाको अवसरमा मोर्चाले आर्थिक अभियान, जिल्ला अधिवेशन, सम्मेलन, भेला, बैठक, प्रतिनिधि-प्रर्यवेक्षक चयन, जनभेटघाट, पर्चा वितरण लगायतका गतिविधिलाई अगाडि बढाउने निर्णय गरिएको श्रीसले बताउनुभयो।

मोर्चाका संयोजक श्रीसको अध्यक्षतामा भएको भेलामा नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सचिवालय सदस्य एवं अखिल नेपाल आदिवासी जनजाति महासंघका महासचिव नगेन्द्र राई, पार्टीका केन्द्रीय सदस्य निलबहादुर पुन लगायतले बोल्नु भएको थियो।

शुभकामना !
हिन्दूहरुको महान चाड विजया दशमी, दीपावली तथा छठ पर्वको अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राहीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
स्टार सेकुवा कर्नर एण्ड मीट सप्लायर्स सेन्टर
महालक्ष्मीस्थान-१६, इमाडोल (रातामकै चोक), ललितपुर
सम्पर्क: ९८४१५५८२५४/९८५११६८७१६

विजयादशमी ०७३ को हार्दिक मंगलमय शुभकामना !
आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४) फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

विजयादशमी ०७३ को हार्दिक मंगलमय शुभकामना !
आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, जनकपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६, बल्खु, काठमाडौं ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
दिपावली ०७३ को हार्दिक मंगलमय शुभकामना !
सम्पर्क
कृष्ण सुवेदी - ९८५१०७८९१२
राम के.सी. - ९८५७०५४२६४
हाम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिबाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# लोकमान प्रकरणको चुरो कुरा



रामसिंह श्रीस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख लोकमान कार्कीको विरुद्धमा संसदमा महाभियोगको प्रस्ताव दर्ता भएपछि नेपालको राजनीतिमा तरंग छाएको छ। सबै पार्टीभित्र यसै विषयमा बहस छलफल भइरहेको छ। आम जनसमुदायमा पनि बहस चलिरहकै छ। कसैले यो वा त्यो बहानामा लोकमानसिंह कार्कीलाई बचाउने प्रयत्न गरिरहेका छन् तर छद्म रुपमा भने आम नागरिकबाट कारबाही गर्न संसद र दलहरुलाई दबाब दिन सडकमा र्‍यालीहरु पनि निस्किरहेका छन्।

लोकमानसिंह कार्कीको विरुद्धमा संसदमा जुन महाअभियोगको प्रस्ताव दर्ता भएको छ, त्यो स्वागतयोग्य छ। यो महाभियोगको प्रस्ताव पारित गरेर अख्तियार दुरुपयोग अनुसन्धान अयोगबाट बर्खास्त गर्नुपर्दछ। किनभने, पहिलो कुरा लोकमानको नियुक्ति नै अत्यन्तै आश्चर्यजनक ढंगबाट भएको थियो। उनको नियुक्तिको विषयलाई लिएर त्यसबेला देशव्यापीरुपमा विरोधहरु भएका थिए। स्वयम् नेका, एमाले र तत्कालीन माओवादीभित्र पनि विरोधहरु भएको थियो। लोकमान संविधानमा उल्लेख भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको पक्षपाती थिएनन्। उनी त ०६२/०६३ को जनआन्दोलन, जनयुद्ध र विभिन्न आदिवासी जनजातिहरुले चलाएको आन्दोलनलाई दबाउने एउटा सक्रिय पात्र थिए। त्यतिवेला उनी राजा ज्ञानेन्द्र सरकारको मुख्य सचिव थिए। उनलाई भ्रष्टाचारको पनि आरोप लागेको थियो। र उनी रायमाझी आयोजका दोषी पनि थिए। त्यस्तो चरित्र भएको व्यक्तिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख बनाउनु नितान्त गलत थियो। त्यसैले त्यसबेला देशव्यापीरुपमा उनको नियुक्तिको विरुद्धमा आन्दोलन उठ्नु जायज थियो। विरोधका बावजुद पनि नेका, एमाले र तत्कालीन एमाओवादी हालको माकले उनलाई आयोगको प्रमुखमा नियक्ति गर्‍यो। त्यो कामा गम्भीर प्रकारको जनविरोधी र राष्ट्रविरोधी कार्य थियो। लोकमानको जनविरोधी चरित्र पछिल्ला दिनहरुमा अरु बढ्दै गयो। उनको यो जनविरोधी, राष्ट्रविरोधी कार्यका विरुद्ध जनमानसमा व्यापक असन्तुष्टी र विरोधहरु हुन थाल्यो। सत्तामा सहभागी राजनीतिक पार्टीहरु र सांसदहरुलाई लोकमानलाई कारबाही गर्नुपर्छ भनेर जनसमुदायबाट व्यापक दबाब आयो। यही दबाबको परिणाम आज वाध्य भएर महाभियोगको प्रस्तावमा संसदमा दर्ता भएको छ।

**उनी पहिले नै भ्रष्ट व्यक्ति थिए। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख पदका निम्ति लायक मान्छे थिएनन्। त्यस्तो व्यक्तिलाई विरोधका बाबजुद नियुक्त गर्ने, अहिले महाभियोग लागाउने ?**

लोकमानसिंह कार्कीको नियुक्ति र महाभियोगको विषयलाई लिएर राजनीतिक पार्टीहरु मुख्यतः नेका, एमाले र माकेको नियत र सिंगो संसदीय व्यवस्थाको चरित्र बुझ्न सजिलो भएको छ। हिजो लोकमानलाई आयोगको प्रमुखमा नियुक्ति गर्ने नेका, एमाले र माके थिए भने आज महाभियोग लागाउनेमा एमाले र माके छ। माकेको नेतृत्वले पहल नगरेर त्यस पार्टीका सांसदहरुले नेतृत्वलाई थाहै नदिइ महाभियोगको प्रस्तावमा हस्ताक्षर गरेका छन्। यो आलेख तयार पार्दासम्म नेकाको पार्टीगत धारणा बनिसकेको छैन। नेकाको समर्थन नपाएसम्म महाभियोगको प्रस्ताव पारित हुन सक्दैन। त्यसकारण अझै शक्तिकेन्द्रहरु चलखेल गर्ने र लोकमानलाई बचाउने त बचाउने होइनन् ? शंका गर्ने ठाउँ छ।

हिजो त्यत्रो विरोधका बाबजुद नियुक्ति गरे। आज किन महाभियोग लगाए। यो नै गम्भीर प्रश्न हो। निश्चयनै कतिपय व्यक्ति पहिले इमान्दार हुन्छन् तर पछि बिग्रन्छन्। तर लोकमानको विषयमा त्यस्तो होइन। माथि नै उल्लेख भइसक्यो कि उनी पहिले नै भ्रष्ट व्यक्ति थिए। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख पदका निम्ति लायक मान्छे थिएनन्। त्यस्तो व्यक्तिलाई विरोधका बाबजुद नियुक्त गर्ने, अहिले महाभियोग लागाउने ? यस विषयलाई लिएर अर्को कोणबाट पनि कुराहरु उठिरहेको छ। राजनीतिक दलका नेताहरु र सांसदहरुलाई लोकमानले भ्रष्टाचार मुद्दा लगाउन खोजेकोले उनीमाथि महाभियोगको मुद्दा लगाइयो भन्ने आरोप पनि छ। यो कुरामा पनि काफी सत्यता छ। आज देश राजनीतिक भ्रष्टाचारले आक्रान्त भएको कुरा जगजाहेरै छ। हरेक क्षेत्रमा भ्रष्टाचार, कमिसनतन्त्र अझ भनौं भने लुटतन्त्र चलिरहेको छ। भूकम्प पीडितहरुको लागि आएको राहतमा त भ्रष्टाचार र अनियमितता मन्त्री, सांसदहरुबाटै भएको समाचारहरु आइरहेका छन् भने अन्य क्षेत्रहरुमा कस्तो अवस्था छ भन्ने कुरा त तथ्यहरु आफै बोल्छन्। त्यसकारण लोकमान गलत, अरु सज्जन भन्नेतिर गयौं भने हामीले वस्तुस्थितिको ठीक मूल्यांकन गर्दैनौं। लोकमान भ्रष्ट व्यक्ति भएकोले उनलाई महाभियोग त लगाउनै पर्छ तर त्योभन्दा गम्भीर समस्या भनेको देशको राजनीतिक भ्रष्टाचारलाई कसरी हटाउने भन्ने नै हो। हाम्रो ध्यान त्यतातिर पनि जानुपर्छ।

प्रतिक्रियावादी व्यवस्थामा कुनै विषयमा साझा लाभ हुने बेलासम्म सबै भ्रष्टाचारीहरु एक हुने, सबै मिलेर बाँडीचुँडी खाने, जब खास विन्दुमा मतभेद हुन्छ, मिल्न सक्दैनन्, तब आफैहरुले गरेको अपराधमा एउटालाई वा एकपक्षलाई भिराएर कारबाही गर्ने गरिन्छ। पञ्चायतकालमा ज्ञानेन्द्र, धिरेन्द्रदेखि लिएर भिमप्रसाद गौचन र जगत गौचनसम्मको एउटा ग्यांङ थियो। जसलाई सूर्यबहादुर थापाले भूमिगत गिरोह भनेर नामाकरण गरेका थिए। यो गिरोहले समाजमा हुने नहुने सबै काम गर्थ्यो। तिनीहरुको काला कर्तुतहरुको पनि विरोध भइरहको थियो। ती काला कर्तुतहरुको भण्डाफोर पत्रकार पदम ठकुराठीले पनि आफ्नो पत्रिकामार्फत् गर्थे। यिनै भूमिगत गिरोहले उनीमाथि राती सुतेको अवस्थामा गोली हान्ने काम भयो। पहिले कसले गोली हान्यो, केही पत्तो भएन। तर पछि जब भूमिगत गिरोहभित्र विवाद पैदा भयो, तब त्यो भूमिगत गिरोहको एउटा पक्षले अर्को पक्षलाई गोली काण्डमा फसायो। भिमप्रसाद गौचन र जगत गौचन जेल परे। यो एउटा उदाहारण हो। अहिले पनि लोकमानलाई नियुक्ति गर्ने राजनीतिक दलका नेताहरु र लोकमानको बीचमा कुरा मिलेन अनि हिजो त्यत्रो विरोधका बाबजुद नियुक्ति दिने दलहरुले नै आज महाभियोग लगाउँदैछन्। यसको मतलव लोकमानलाई महाभियोग लगाउनुहुन्न भन्ने होइन। उनलाई महाभियोग लगाएर कारबाही गर्नैपर्छ तर प्रश्न के हो भने उनलाई कारबाही गर्दैमा सबै समस्या समाधान हुँदैन। देशमा व्याप्त सबै प्रकारका भ्रष्टाचार र अनियमिततालाई कसरी निर्मूल पार्ने भन्ने हो।

संसदीय व्यवस्था भनेको शोषक वर्ग, पुंजीपति र सामन्तहरुको व्यवस्था हो। यो व्यवस्थामा भ्रष्टाचारीहरु, लुटाहाहरु र फटाहाहरुको नै बोलवाला हुन्छ। यो व्यवस्था रहँदासम्म भ्रष्टाचार, अनियमितता र लुटतन्त्र रहिरहन्छ। यहाँ व्यक्ति परिवर्तन गर्दैमा भ्रष्टाचार र अनियमितता समाप्त हुँदैन। एउटा लोकमानको ठाउँमा अर्को लोकमान आउँछ, नयाँ आवरणमा। त्यो अधिकारसम्पन्न पदमा एउटा भ्रष्टाचारीलाई राख्न सक्यो भने उसको कमजोरीलाई देखाएर आफ्ना कमजोरी ढाकछोप गर्न सकिन्छ। लोकमानको नियुक्तिमा पनि यस्तै भएको हो। लोकमान भ्रष्ट थिए। अहिलेको संविधानको स्पिरिटसँग मेल नखाने व्यक्ति थिए, यो कुरा नेका, एमाले र माकेका नेताहरुले नबुझेको कुरा होइन। लोकमानको त्यो कमजोरीलाई दखाएर आफ्नो कालाकर्तुहरु लुकाउन सकिन्छ भन्ने उनीहरुको उद्देश्य। थियो तर अहिले सोचेजस्तो भएन। त्यसकारण हामीले समाजबाटै भ्रष्टाचार र अनियमिततालाई रोक्ने हो भने यस्ता भ्रष्टचारीहरुलाई कारबाही गर्दै व्यक्ति परिवर्तन भन्दा पनि व्यवस्था परिवर्तनमा बढी ध्यान दिनुपर्छ। संसदीय व्यवस्थाले यो समस्या समाधान गर्न सक्दैन, त्यसको ठाउँमा जनवादी व्यवस्था ल्याउनुपर्छ र समाजवाद हुँदै साम्यावादको दिशामा अगाडि बढ्नु पर्छ।

## आठ वाम...

राष्ट्रघातको चौतर्फी रुपमा विरोध भइरहेको छ। आठ वामघटक बाहेक एमाले, नयाँ शक्तिलगायतका पार्टीहरुले पनि यसको देखिने गरी विरोध गरिरहेका छन् भने आम वौद्धिक समुदाय र देशभक्त शक्तिहरुले पनि निकै जोड दिएर यस सहमतिको विरोध गरिरहेका छन्। आगामी दिनमा नेत्रविक्रम चन्द' विप्लव' नेतृत्वको नेकपा (माओवादी), नारायणमान विजुक्छे'रोहित' नेतृत्वको मजदुर किसान पार्टीलगायत शक्तिहरुसँग पनि सहकार्य गरेर अझ वृहद् रुपमा राष्ट्रिय स्वाधीनताको आन्दोलनको उठान गर्ने देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सिपी गजुरेलले वर्गदृष्टिलाई बताए। २० भदौमा गजुरेल नतृत्वको मोर्चाले आयोजना गरेको '२५ बुँदे संयुक्त वक्तव्य र राष्ट्रघात' विषयक एक अन्तर्क्रिया कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) अध्यक्ष मोहन वैद्य'किरण', नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छे रोहित, नेकपा (माले)का महासचिव सिपी मैनाली, नेकपा (मसाल)का प्रवक्ता विमल शर्मा, नेकपा (माओवादी)का नेता धर्मेन्द्र बाँस्तोला, जनमोर्चा, नेपालका संयोजक साध्यबहादुर भण्डारीलगायतले २५ बुँदेको घोर विरोध गरेका थिए। त्यस लगत्तै असोज २२ मा बसेको आठ वाम घटकको बैठकले कात्तिक नौंदेखि सडक आन्दोलनमा उत्रने एक विज्ञप्तीमार्फत् घोषणा गरेको थियो।

आठ वामघटकले जारी गरेको संयुक्त अपील यस्तो छ : "विश्वकै एउटा सुन्दर र प्राकृतिक स्रोत-साधन सम्पन्न देश नेपाल आजसम्म पनि पूर्णरुपमा स्वतन्त्र र आर्थिकरुपमा सम्पन्न हुन सकेको छैन। विदेशी शक्तिहरूसँग विगतमा भएका असमान सन्धि-सम्झौताहरू नै यसका प्रमुख कारण हुन्। सन् १८१६ मा ब्रिटिश-भारतसँग गरिएको सुगौली सन्धिदेखि गणतन्त्र भारतसँग गरिएका सन् १९५० को सन्धि र सन् १९६५ को सम्झौता, कोशी, गण्डकी र एकीकृत महाकाली नदी सम्झौताहरू, राष्ट्रघाती बिप्पा सम्झौता, भारतीय कम्पनीसँग गरिएको माथिल्लो कर्णाली परियोजना सम्झौताजस्ता असमान सन्धि-सम्झौताका कारण नेपाल लामो समयदेखि अर्ध/नव औपनिवेशिक अवस्थामा पुगेको छ। नेपाललाई भुटानीकरण गर्दै सिक्किमीकरणतिर लैजानका निम्ति केही विदेशी प्रतिकृयावादी शक्तिहरू र तिनका नेपाली दलालहरू हाल आएर अत्यन्त सकृयरुपमा लागिरहेका छन्। त्यसकारण राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न हाम्रो लागि झन महत्वपूर्ण वनेको छ।

भारतीय मोदी सरकारको पर्दा पछिको योजना र पहल मार्फत नेपालका पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा नेपाली कांग्रेस र माओवादी केन्द्रको गठवन्धन सरकार गठन भएको छ। नेपाललाई भुटानीकरण गर्ने प्रपञ्च चलिरहेकै बेला हतार-हतार प्रम प्रचण्डको भारत भ्रमणको आयोजना गर्दै त्यस प्रकृयालाई पहिलो, बिगतमा भएका माथि उल्लेखित सबै असमान

सन्धि-सम्झौतालाई कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गरेर र दोस्रो, भाद्र ३१ गते दिल्लीमा राष्ट्रघाती २५ बुँदे सहमतिमा हस्ताक्षर गरेर तीब्रता दिने काम गरियो। उक्त २५ बुँदे सहमतिले नेपालको राष्ट्रिय सार्वभौमिकतालाई खण्डित गर्ने, आफ्नो भू-राजनीतिक अवस्थिति अनुसार नेपालले अपनाउँदै आएको असंलग्न परराष्ट्र नीतिलाई विस्थापित गर्ने र नेपाललाई भारतको छातामुनि लैजाने कार्य गर्दै हाम्रो राष्ट्रिय स्वाधीनतामाथि गम्भीर खतरा उत्पन्न गरेको छ। यो कुरा हामीले मात्र भनेका होइनौं, हाम्रा मित्र राष्ट्रका नेताहरूले समेत नेपाललाई भुटानसँग तुलना गर्न थालिसकेका छन्। यस स्थितिमा हामी देशभक्त वामपन्थी, लोकतान्त्रिक र राष्ट्रवादी शक्ति एवम् व्यक्तिहरूका अगाडि संगठित रुपमा तावेदारीवाद र विस्तारवादका विरुद्ध संघर्षमा उत्रनु बाहेक अर्को विकल्प छैन। यसै तथ्यलाई दृष्टिगत गर्दै हामीले गत आश्विन २२ गते संयुक्त विज्ञप्ति जारी गरी आगामी कार्तिक ९ गतेदेखि सडक आन्दोलन अघि बढाउने कार्यक्रम समेत सार्वजनिक गरेका थियौं।

संघर्षशील देशबासीहरू ! राष्ट्रियता र राष्ट्रिय सार्वभौमिकताको रक्षा यतिखेर अत्यन्त महत्वपूर्ण विषय बनेको छ। यसै विषयमा केन्द्रित रही राष्ट्रघातमा संलग्न विस्तारवादी तथा साम्राज्यवादीहरू र तिनका नेपाली दलाल एवम् तावेदारहरूका बिरुद्ध संयुक्त आन्दोलन अघि बढाउन, यस महान संघर्षमा आ-आफ्ना ठाउँबाट सहभागी हुन र सबै प्रकारले सहयोग पुर्‍याउनु हुन हामी सम्पूर्ण देशभक्त वामपन्थी, लोकतान्त्रिक एवम् राष्ट्रवादी शक्तिहरू तथा देशलाई मायाँ गर्ने सम्पूर्ण नेपाली जन-समुदायमा विनम्र अनुरोध गर्दछौं।"

## लोकमानलाई...

सरकार तथा प्रमुख राजनीतिक दलहरुद्वारा गरिएको उपेक्षा पनि विशेष स्मरणीय छ। साथै, यस प्रक्रियामा सत्तारुढ र प्रतिपक्ष शक्तिहरुका स्वार्थ मिल्ने र बाझिनेजस्ता कारणहरुले पनि काम गरेको कुरा उल्लेखनीय रहेको छ।

तसर्थ, हाम्रो पार्टी सरकार, सत्ता वा सरकारी सेवामा रहेका कुनै पनि व्यक्तिबाट पदको दुरुपयोग तथा भ्रष्टाचार गरिएको स्थितिमा त्यस प्रकारका व्यक्तिहरुमाथि अनुशासनको कारबाही हुनुपर्ने कुरामा दृढ रहेको कुरा यसै वक्तव्यमार्फत् सार्वजनिक गर्दछ।"

## श्रमिकविरोधी...

नेपाल प्रगतिशिल ट्रेड युनियन महासंघ (फिनेट) को तर्फबाट अध्यक्ष तिलक थापाले हस्ताक्षर गरेका छन्।

उनीहरुले कात्तिक ४ मा एक अपील जारी गर्दै भनेका छन्, "नेपाली मजदुरवर्गका संविधान प्रदत्त सीमित तथा नैसर्गिक अधिकारमाथि अंकुश लगाउने र उद्योगपति तथा पूँजीपतिवर्गलाई असीमित अधिकार दिई फासिष्ट न्याय प्रणालीलाई स्थापित गर्ने कोशिस अगाडि बढाइएको छ। औद्योगिक क्षेत्रभित्र मजदूरहरुलाई आस्थाका आधारमा संगठित हुने, साझा समस्याहरु उठाउने, हड्ताल गर्ने तथा सामुहिक सौदाबाजी गर्ने विगतदेखि उपभोग गर्दै आईरहेका सीमित अधिकार समेत खोसेर पूँजीपतिवर्गको पोल्टामा हालिदिएको छ। त्यसैगरी विषेश आर्थिक क्षेत्र सम्वन्धि विधयकले पनि श्रमीकको ट्रेड युनियन अधिकारलाई कुन्ठित गरेको छ। हामी उपरोक्त श्रमिक विरोधी कार्यको विरोध एंव भत्सर्ना गर्दछौं।"

अपीलमा अगाडि भनिएको छ, "मजदूरहरुले विगतमा संघर्षद्धरा प्राप्त गरेका केहि मजदूर पक्षीय अधिकार कायम भएको श्रम ऐन २०४८ समेतलाई प्रतिस्थापन गरी नयाँ श्रम ऐन निर्माणका लागि श्रम विधेक २०७३ लाई पास गर्ने तयारी गरिएको छ। खासगरी मजदुरहरुलाई स्थायी गर्नु पर्ने कानूनी बाध्यतालाई समाप्त पारी करार, ज्यालादारी र ठेकेदारी प्रथालाई स्थापित र कानूनी रुपले व्यवस्थित गर्ने उद्देश्यलाई पूरा गर्न मजदूर हरुलाई राजनैतिक, पेशागत र वर्गीय रुपले गरिदै आएको उत्पीडनलाई संस्थागत गर्ने कार्यका लागि नै त्यसो गरिदैछ। बहुराष्ट्रिय कम्पनी तथा दलाल पूँजीपतिवर्गको हीतलाई मध्यनजर गरेर सरकारले ल्याउन खोजेको श्रम ऐनले नेपाली श्रम बजारबाट विरक्तिएर विदेशी भूमिमा भौतारिन बाध्य ५०औं लाख श्रमशक्ति र देशमा रहेका लाखौं श्रमिकहरुको श्रमको खिल्लीमात्र उडाएको छैन कि श्रमिकहरुका लागी स्वदेशमा श्रम बेचेर जीविकोपार्जन गर्ने आधार र आशा समेत समाप्त पार्न खोजिएको छ।"

उनीहरुले भनेका छन्, "औद्योगीक व्यवसाय ऐन-२०७३ को खारेजी तथा नयाँ प्रस्तावित श्रम ऐनमा मजदुरहरुका अधिकार व्यवस्थित गर्ने कार्यका लागि देशव्यापी अभियान अगाडि बढाउन देशभक्त, प्रगतिशील, बामपन्थी तथा जनवादी मजदुर हरुलाई विशेष आग्रह गर्न चाहन्छौ।"

## लोकमानमाथिको...

वा लोकमानलाई राजीनामा गराएर सुरक्षित अवतरणका लागि दलहरुले भित्रभित्रै छलफल समेत गरेको स्रोतको भनाई छ।

माओवादी केन्द्रका अध्यक्ष दाहालले केहीदिन अघिमात्रै आफूले खुकुरीको धारमा टेकेर निर्णय गर्नुपरेको भन्दै महाअभियोगको प्रस्तावमा पनि आफूलाई परेको असहजता व्यक्त गरेका थिए। दाहालकै सिफारिसमा अख्तियार प्रमुख बनेका कार्कीले पछिल्लो समयमा जनसेनाका शिविरमा भएको भ्रष्टाचारका विषयमा मुद्धा चलाउने तयारी गरिरहेको बताइएका बेला उनीमाथि नै महाअभियोगको प्रस्ताव आएको हो।

एमालेले षढयन्त्रपूर्वक वर्तमान सरकार ढाल्नका लागि महाअभियोगको प्रस्ताव ल्याएको राजनीतिक दलकै नेताहरुबाट सार्वजनिक अभिव्यक्ति आउनुने लोकमान प्रकरण जटिल बनेको संकेत मिलेको छ। काँग्रेसले विपक्षमा मत हालेको खण्डमा महाअभियोग पारित हुनसक्दैन। माओवादी केन्द्र र एमालेका सांसदले हस्ताक्षर गरेर ल्याएको महाअभियोगको प्रस्तावमा सर्वसहमति हुने सम्भावना कम छ। तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा मुख्यसचिव रहेका लोकमान जनआन्दोलन दबाउन भूमिका खेलेका व्यक्ति भएपनि उनलाई चोख्याउँदै दाहालको सिफारिसमा अख्तियार प्रमुख बनाइएको थियो। अहिले दाहाललाई महाअभियोगको प्रस्ताव पारित गराउँन र आफ्नो सरकारलाई सुरक्षित राख्न समस्या उत्पन्न भएको छ।

लोकमानलाई महाअभियोग नलगाउन र हटाउनै परेपनि राजीनामा गराउँन तिव्र बाह्य दबाब दलहरुमाथि परेको स्रोतको भनाई छ। लोकमान दरबारिया र भारतपरस्त भएपनि मुख्य दलको सहमतिमा नै अख्तियार प्रमुख बनेका थिए। लोकमानलाई तत्कालीन राष्ट्रपति डा.रामबरण यादवले पनि नियुक्त नगर्ने अडान लिएपनि उनी २४ घन्टा पनि आफ्नो अडानमा टिक्न सकेनन्। दोस्रो जनआन्दोलनलगत्तै बनेको रायामाझी आयोगले समेत दोषी ठहर गरेका लोकमान एकाएक गणतन्त्रमा पनि शक्तिमा पुगेपछि उनीमाथि अहिले पदको दुरुपयोग गरेको आरोपमा महाअभियोगको प्रस्ताव आएको हो।

## पार्टी र मोर्चा...

समिति ललितपुरका संयोजक श्याम केसीको अध्यक्षतामा बसेको बैठकले पार्टी विरोधी गतिविधिमा लागेको र दक्षिणपन्थी अवसरवादी तथा संशोधनवादी समूहसँग आत्मसमर्पण गरेकोले जिल्ला सदस्यहरु रामप्रसाद घिमिरे र पवन केसीलाई पार्टीबाट निस्कासित गरेको छ।

बैठकमा पार्टीका नेवा राज्य इन्चार्ज सागर, सहइन्चार्ज प्रभाकिरण र केसहरु आकास र दिपेन्द्रको उपस्थिति रहेको थियो।

शुभकामना !

नेपालीहरूको महान चाड विजया दशमी, दीपावली तथा छठ पर्वको अवसरमा हाम्रा सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

चतुरभुज राई
नायव महाप्रबन्धक

UB
UNITED BREWERIES NEPAL (P) LTD
H.I.D., HETAUDA
MAKAWANPUR, NEPAL

शुभकामना !

हाम्रा सम्पूर्ण सेवाग्राहीमा शुभदीपावली तथा छठ पर्व-२०७३ को हार्दिक मंगलमय शुभकामना

शर्मिला राना
प्रोप्राइटर

श्रद्धा कंक्रिट ब्लक उद्योग
हेटौडा-७, मकवानपुर




प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाँई, सम्पादक : इन्द्र राउत, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क : ९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं